**चटयाङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

epprateekdaily.com



**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३७ ❖ २०८१ जेठ २८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 10 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७८


# पर्यटन प्रवर्द्धनबारे ठोरीमा दुई देशीय अन्तर्क्रिया

## निकुञ्जको बाटो विस्तार गर्न आवश्यक– नगरप्रमुख दाहाल

प्रस, परवानीपुर, २७ जेठ/

भरतपुर महानगरपालिकाकी प्रमुख रेणु दाहालले ठोरी, माडी, भरतपुरमा पर्यटन भित्र्याउन पर्सा र चितवन राष्ट्रिय निकुञ्ज भएर सडक निर्माण हुनुपर्ने बताएकी छन् ।

भरतपुर महानगरपालिकाको आयोजनामा शनिवार ठोरीमा आयोजित नेपाल–भारत दुई देशीय अन्तर्क्रिया कार्यक्रममा नगरप्रमुख दाहालले भारतीय पर्यटकहरूलाई यो क्षेत्रमा आकर्षित गर्नको लागि चितवन र पर्सा राष्ट्रिय निकुञ्ज भएर सडक निर्माण गर्न निकुञ्जले स्वीकृति दिएमा कालोपत्र अथवा पालिकास्तरबाट ग्राभेल सडक भएपनि निर्माण गर्नुपर्ने बताइन् । उनले सडक अभावमा भारतीय पर्यटकहरू ठोरीभन्दा माथि जान नसकेको भन्दै यसका लागि सडक बनाउन जरुरी भएको बताइन् । नेपाल, भारत, चीन त्रिदेशीय पर्यटनको लागि पनि ठोरी–केरुङ सडकमार्ग सबैभन्दा सानो दूरीको भएको र यसको विस्तार हुन नसक्दा पर्यटक आशाप्रदरूपमा आउन नसकेको बताइन् ।

नगरप्रमुख दाहालले ठोरी, माडी र चितवनमा पर्यटक गन्तव्य विस्तार भइरहेको र ती ठाउँमा भारतीय पर्यटकहरूलाई ठोरी नाका भएर भित्र्याउन पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने उनले बताइन् । उनले चितवन मनपाले सन् २०२४ लाई पर्यटन वर्षको रूपमा मनाइरहेको र चितवनको सौराहासहित मटियानी र मेघौलीमा पनि पर्यटकहरू रमाउन थालेका भन्दै ठोरी, माडी र चितवनमा पर्यटकीय क्षेत्र विस्तारको लागि पहल आवश्यक रहेको बताइन् ।



तस्वीरः प्रतीक

कार्यक्रमका प्रमुख अतिथि बाग्मती प्रदेशसभा सदस्य ठाकुरप्रसाद ढकालले नेपाल–भारत दुई देशीय पर्यटनको विषयमा प्रदेशस्तरबाट हुने सहयोग उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे । उनले बाग्मती प्रदेशको भरतपुर महानगरपालिकाले पर्यटन वर्ष मनाइरहँदा प्रदेश सरकारबाट आवश्यक सबैखाले सहयोग उपलब्ध गराउन पहल गर्ने बताए । कार्यक्रममा सहभागी भारतीय पर्यटक तथा सञ्चारकर्मीले ठोरी नाकामा सटही काउन्टरको अभाव रहेको र सवारीसाधन प्रवेशाज्ञामा समस्या रहेको कारण भारतीय पर्यटकहरू आउन डराउने बताए । उनीहरूले सवारीसाधनको अनावश्यक चेकजाँचले भारतीय पर्यटकलाई समस्या हुने गरेको गुनासो पोखेका थिए । पर्साका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले आपराधिक गतिविधि नियन्त्रणका लागि भारतीय सवारीसाधन चेकजाँच हुने गरेको बताए । उनले भारतीय सवारीसाधनका चालकहरूले नेपालको सवारी ऐन कानूनको परिपालना गरेमा भारतीय पर्यटकहरूलाई नेपाली सुरक्षाकर्मीले कुनै प्रकारको दुःख नदिने दाबी गरे ।

ठोरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठले भारतीय पर्यटकहरूलाई सुविधा दिने कुरामा गापाले हरसम्भव प्रयास गरिरहेको दाबी गरे । ठोरी नाकाबाट भारतीय पर्यटकहरूको आगमन बढोस् भन्नेतर्फ गापाले विशेष ध्यान दिँदै आएको बताए ।वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीणाले नेपाल–भारत दुई देशीय पर्यटनको लागि भारत सरकार पनि अग्रसर रहेको बताए । नेपालका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा भारतीय पर्यटकहरू आउने गरेका र नेपालबाट पनि भारतका विभिन्न स्थानमा नेपाली पर्यटकहरू गइरहेका भन्दै यसलाई सहज र सरल बनाउनुपर्नेतर्फ पहल हुनुपर्ने बताए । उनले वर्तमानमा अयोध्या नेपाली धार्मिक पर्यटकहरूको रोजाइमा परेको र त्यहाँबाट यहाँसम्मको सम्बन्ध विस्तारमा दूतावासले पहल गर्ने बताए ।

कार्यक्रममा चितवन महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, माडी नगरपालिकाकी प्रमुख ताराकुमारी काजी महतो, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी उत्तमबहादुर घिमिरेलगायतको सहभागिता थियो ।

# मेनरोडको मुद्दा हेर्दाहेर्दैमा

प्रस, वीरगंज, २७ जेठ/

वीरगंजको मेनरोड फराकिलो पार्ने सर्वोच्चले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश जारी गरेको थियो ।


तस्वीरः फाइल

विषयमा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा आइतवार जेठ २७ गते पनि हेर्दाहेर्दैमा परेको छ ।

आज यो मुद्दाको पेसी सर्वोच्च अदालतका न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र सारङ्गा सुवेदीको इजलासमा परेको थियो । तर यसअघि शुक्रवार मुद्दाको सुनवाइको निरन्तरताले एक नम्बरमा परेको वीरगंजको मेनरोड विस्तारको मुद्दा हेर्न नभ्याइनेमा परेको सर्वोच्चका प्रवक्ता वेदप्रकाश उप्रेतीले बताएका छन् । योसमेत वीरगंजको मेनरोड विस्तारको मुद्दामा सर्वोच्चले २४ पटक तारिख दिने कार्य मात्रै गरेको छ।

सडक विभाग अन्तर्गत डिभिजन कार्यालय हेटौंडा र व्यापारिक मार्ग विस्तार आयोजना कार्यालयले २०७६ सालमा छठपूजापछि सडक विस्तार गर्ने तयारीस्वरूप सूचना जारी गरेपछि मेनरोडमा रहेका लक्ष्मण रौनियार, राजकुमारी तुल्स्यान, भरत रौनियार र वीरेन्द्र संघईले रिट दायर गरेका थिए।

पछिल्लो समयमा फागुन २० गते तत्कालीन मन्त्रिपरिषद्ले रक्सौल–पथलैयासँगै श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषित गरेको भन्दै मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि पेश गरेपछि सोही प्रमाणको आधारमा सर्वोच्चका न्यायाधीशद्वय कुमार चूडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश गरेको थियो । तत्कालीन मन्त्री विमलेन्द्र निधिले श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषणा गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेकामा स्वीकृति भएको बताइन्छ ।

सर्वोच्चले फागुन २० गते मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश गरेपछि यो मुद्दाले प्राथमिकता पाउन सकेको छैन । वीरगंजको मेनरोड फराकिलो पार्ने विषयको मुद्दा सर्वोच्चमा २०७५ सालदेखि चल्दै आएको छ र अहिलेसम्म तारिखमा अल्झिएर बसेको छ । सो मुद्दा पटकपटक पेसी सूचीमा पर्ने तर हेर्न नभ्याउने भनी तारिख मात्र पाउने गरेको छ ।

# पोखरियाको मोहबनी पद्म मावि बेथितिको शिकार

## १६ महीनादेखि पूर्वप्रअले बुझबुझारथ गरेनन्

धर्मेन्द्र चौरसिया, पोखरिया, २७ जेठ/

पोखरिया नगरपालिका–६ रानीगंजस्थित मोहबनी पद्म माविका पूर्वप्रधानाध्यापक लालबाबू चौहानले १६ महीनादेखि बुझबुझारथ गरेका छैनन् ।



तस्वीरः प्रतीक

उनको सरुवा २०७९ माघ १० मा भएको थियो । हाल उनी पोखरिया नपा–८ स्थित नेरामावि जगतपुरमा कार्यरत छन् । बुझबुझारथ नगर्दा सो विद्यालयमा अहिलेसम्म आर्थिक कारोबार ठप्प प्रायः छ । पालिकाले अहिलेसम्म लेखापरीक्षण नगरेको कारण जनाउँदै आर्थिक सहयोग रोकेको छ ।

वर्तमान प्रअ शङ्करप्रसाद रौनियारले पूर्वप्रअ चौहानलाई बुझबुझारथका लागि पटकपटक ताकेता गरिएको तर उनले अहिलेसम्म आलटाल गर्दै आएको बताए । पालिकाले पनि बुझबुझारथको लागि ताकेता गरेको छ तर पूर्वप्रअ चौहानले आज–आज, भोलि–भोलि भनेर झुलाउँदै आएका छन् । यसबारेमा प्रतीकले उनीसँग बुझ्दा पनि एकाध दिनमा बुझबुझारथ गर्ने बताए ।

पोखरिया नपाले तीन वर्ष अघि सो विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माणका लागि रु १५ लाख सहयोग गरेको थियो । तत्कालीन प्रअ चौहानले सो रकम दुरुपयोग गर्दा अहिलेसम्म विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण हुन सकेको छैन ।

पूर्वप्रअ चौहानले भने यो शीर्षकमा आफू प्रअ छँदा कुनै रकम नआएको र विद्यालय मर्मतका लागि रु आठ लाख आएको र सोको सदुपयोग भएको दाबी गरे ।

यसैगरी, विद्यालयमा सोही बखत राष्ट्रपति विद्यालय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण कार्य शुरू भएको चारकोठे दुई तले पक्की भवन अधूरो छ ।

रु ३६ लाख सो बापत आएको तर अहिलेसम्म भुइँतलासम्म मात्र फिनिसिङ कार्य सम्पन्न भएको छ भने पहिलो तलाको दुई कोठाको निर्माण कार्य आधाअधूरो छ ।

भवन निर्माणको काम सम्पन्न नभएकोले कक्षा सञ्चालनमा आउन नसकेको प्रअ रौनियारले बताए । सो भवन निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष प्रदीप साहले सम्झौता अनुसारको काम सम्पन्न गरिसकेको बताए ।

उनले रु ३६ लाखको काम भइसकेको र थप रु सात लाखको काम भएकोमा सोको भुक्तानी पालिकाले अहिलेसम्म नदिएको गुनासो गरे ।

# ३१ वर्षदेखिको क्लिनिक त्रिजुद्धले अनधिकृतरूपमा हटायो



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २७ जेठ/

महावीरप्रसाद रघुवीरराम त्रिजुद्ध माविले आफ्नो क्लिनिक अनधिकृतरूपले खाली गराएको डा सुमन प्रसादले आरोप लगाएका छन् । उनले ३१ वर्षदेखि विद्यालयले बनाएको सटरमध्ये उत्तरर्फको अन्तिम कोठा भाडामा लिएर क्लिनिक चलाउँदै आएकोमा अहिले एक्कासि खाली गराएकोमा आपत्ति जनाएका छन् ।

उनले कुनै पनि पसल खाली नगराइएको र आफ्नो पसल मात्रै खाली गराएकोमा आपत्ति जनाए । आफूले नियमितरूपमा ३१ वर्षदेखि पसलको भाडा दिँदै आएको र केही पसलहरूको भाडा बाँकी रहँदा पनि उनीहरूलाई खाली नगराएर आफूसँग पूर्वाग्रह राखेर खाली गराएको दाबी गरे । डा सुमन प्रसादले पसल खाली गराउन आफूलाई सूचना दिनुपर्नेमा त्यस्तो केही नगरेको भन्दै सोविरुद्ध नेपाल चिकित्सक सङ्घ, पर्सामा उजूरी गरेको बताए । उनले आफ्नो खाली गराइएको पसल फिर्ता गराउन माग गरेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय (बबलु) कलवारले आफूलाई सोबारेमा केही थाहा नभएको बताए । उनले विव्यसले यसबारेमा कुनै पनि निर्णय नगरेको भन्दै आफू विद्यालयको दाता परिवारबाट प्रतिनिधि रहेको र आफूलाई समेत यसबारे खबर नगरिएकोमा दुःखेसो गरे ।

वडाध्यक्ष जगत साह कानूले पनि डा सुमन प्रसादको क्लिनिक खाली गराइएकोबारेमा आफूलाई जानकारी नगराइएको बताए । विद्यालयले यस्तो कार्य निर्णय गरेर गर्नुपर्ने तर त्यस्तो केही नगरिएको उनले बताए ।

प्रधानाध्यापक नवीन मिश्रले फोनबाट बताउन नमिल्ने भनी प्रतिक्रिया दिएका छन् । स्रोतको अनुसार डा सुमन प्रसादको क्लिनिक पछाडि अवैध संरचना तयार गरिएको छ । यसबारेमा पनि विव्यस, वडाध्यक्ष कसैलाई पनि जानकारी छैन । भवनको नक्शापास पनि गरिएको छैन र कसले भवन बनायो भन्नेबारेमा पनि कसैलाई थाहा छैन । तर जुन रूपले भवन बनेको छ, त्यसले डा सुमन प्रसादको क्लिनिक पछाडि बनाएको हुनाले कुनै व्यापारिक प्रयोजनको लागि निर्माण गरिएको देखिन्छ ।

## विचारसार र सूक्तिहरू

इमानदार मानिसले जीवनमा गर्ने भूल एउटै हो । ऊ अरूलाई पनि इमानदार ठान्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सडकको दुरवस्था

**वीरगंजको मेनरोड फराकिलो गर्ने विषयमा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा हेर्दाहेर्दैमा पर्दै आएको छ । अदालतबाट मुद्दाको फैसला हुन नसक्दा गण्डकचोकदेखि मितेरीपुलसम्मको बाटो फराकिलो हुन सकेको छैन । मेनरोड फराकिलो गर्ने विषयमा सडक विभाग अन्तर्गत सडक डिभिजन कार्यालय र व्यापारिक मार्ग विस्तार आयोजनाले पछिल्लोपटक २०७६ असोजमा सूचना जारी गरेको थियो । सो वर्षको छठ पूजापछि मेनरोड विस्तार योजना शुरू हुने र मेनरोडको दायाँ/बायाँ २५/२५ मिटरभित्र पर्ने संरचनाहरू आफैं भत्काउन सूचित गरिएको थियो । सोको विरोधमा मेनरोडमा घर पर्ने केही व्यक्तिहरूले अदालतमा मुद्दा दायर गरेका थिए र सो मुद्दाले अहिलेसम्म तारिख मात्र पाउँदै आएको छ भने फागुन गत महीनादेखि हेर्दाहेर्दैमा परिरहेको छ । वीरगंजको मेनरोडको अवस्था यो छ भने वीरगंज–पथलैया व्यापारिक मार्गको अवस्था पनि उस्तै छ । अढाई वर्षमा निर्माण कार्य सम्पन्न भइसक्नुपर्ने यो सडकखण्डको काम अहिलेसम्म पूरा हुन सकेको छैन । कालोपत्र सडक निर्माणको काम सम्पन्न भएको छ । पथलैयादेखि परवानीपुर र परवानीपुरदेखि सुक्खा बन्दरगाहसम्म छ लेन तथा परवानीपुरदेखि गण्डकचोकसम्म चार लेनको सडक तोकिएको मापदण्ड र सम्झौता अनुसार भएको देखिन्न ।**

**पथलैयादेखि परवानीपुरसम्मको छ लेन सडकको बीचमा डिभाइडर र पूर्व–पश्चिममा सर्भिस लेन निर्माणको काम आधाअधूरो छ । परवानीपुरदेखि सुक्खा बन्दरगाहसम्म छ लेन सडकको दुरवस्था हेर्दा यहाँका नेताहरू चुल्लुभर पानीमा डुब्नुपर्ने हो तर नेताहरूलाई लाजै नभएपछि कसको के लाग्छ ? करीब सात वर्षभन्दा बढी अवधि बितिसक्दा पनि यो सडकखण्डको काम पूर्ण हुन सकेको छैन । काम पूर्ण नहुँदा ठेकेदार कम्पनीलाई दबाब दिने कार्यमा सम्बन्धित कार्यालय कागजी प्रक्रियामा मात्र लागिपरेको छ । राजनीतिक दलका विकासप्रेमी भनाउँदा नेताहरू विकास निर्माणको यत्रो ठूलो योजना अलपत्र पर्दा प्रतिक्रियाविहीन देखिएका छन् । सम्झौता अनुसारको काम ठेकेदारले किन नगरेको भनेर अहिलेसम्म कुनै नेताले चुइँक्कसम्म बोल्न सकेका छैनन् । सात वर्षमा कम्तीमा कालोपत्र त गर्‍यो, आवतजावत सहज भएपछि यसबारेमा कसैलाई कुनै मतलब भएको देखिन्न । जनता जागेपछि मात्र सडक विभाग र सो अन्तर्गतका कार्यालयहरूको निद्रा खुल्छ । विरोध नभएपछि उनीहरू ठेकेदारको इशारामा काम गर्छन् र कानूनी अभियोजनबाट जोगिनका लागि कागजी प्रक्रिया मात्र मजबूत पार्छन् । अर्बौंको लागतमा यो सडकखण्डको निर्माण कार्य भइरहेको छ । राज्यले गरेको यो लगानीमा आम नेपाली जनताले तिरेको कर समावेश छ । सडक बारम्बार बन्ने होइन । गतिलो सडक बनेको खण्डमा लामो अवधिसम्म टिकाउ हुन्छ । तर अहिले यो छ लेन सडक बनिनसक्दै ठाउँठाउँमा मर्मतसम्भार गर्नुपर्ने अवस्था छ ।**

**यता मेनरोड विस्तार योजना अदालतमा अडकिएकोले गण्डकचोकदेखि सडक निर्माणको काम अगाडि बढ्न सकेको छैन । यस अवधिमा मितेरीपुलदेखि रजतजयन्तीचोकसम्म सडक र पुल निर्माणको काम जारी छ । भावी छ लेन सडकको अवधारणा अनुसार अहिले सो क्षेत्रको सडक निर्माण कार्य भएपनि बजेट अभावमा काम रोकिएको छ । सडक कालोपत्र निर्माण कार्य बन्द भएदेखि यो क्षेत्र भएर रक्सौल–वीरगंज गर्नेहरूलाई निकै समस्या भएको छ ।**

# विद्यालय संस्कृतिको विकास गरौं

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**केही प्रश्न, जसबाट हामीले स्वयं आआफ्नो विद्यालयको समीक्षा गर्न सक्छौं त्यो के हो भने हाम्रो लागि विद्यार्थीहरू को हुन् ? के हामीले विद्यार्थीले चाहेजस्तो ज्ञान दिइरहेका छौं ? उसमा भएको सृजनशीलता विकसित गर्न विद्यालयले के–के प्रयास गरिरहेको छ ? बाह्य यथार्थसँग विद्यार्थीहरूको सम्बन्ध कस्तो छ ?**

विद्यालय वर्तमान समाजको अभिन्न अङ्गको रूपमा स्थापित भइसकेको छ । कुनै पनि समाजको उत्थान र पतन त्यहाँ सञ्चालित विद्यालयको काँधमा निर्भर रहन्छ । यसबारे मैले आफ्ना शिक्षक साथीहरूसँग धेरै पटक छलफल गरेको छु किनभने विद्यालय समाजको ऐना हो । जस्तै ऐनामा आफ्नो अनुहार जस्ताको त्यस्तै हेर्न सकिन्छ त्यस्तै कुनै पनि समाजमा सञ्चालित विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई हेरेर, उनीहरूको क्रियाकलापको अवलोकन गरेर त्यस समाजबारे धेरै कुरा जान्न र बुझ्न सकिन्छ । यहाँ के प्रश्न उठ्छ भने के विद्यालय समाजको अभिन्न अङ्ग हो त ?

यसभन्दा पहिलेका धेरै आलेखहरूमा मैले विद्यालयको खस्कँदो अवस्थाबारे चर्चा गरेको छुँ र जवाफमा मेरा धेरै शिक्षक साथीहरूले भने हामीले जतिसुकै गरे पनि अभिभावकहरूले ध्यान दिएनन् भने उनीहरूको सन्तान सप्रने छैनन् । हामी पनि त त्यसै समाजका अङ्ग हौं । सही भन्ने हो भने जुनसुकै संस्थामा काम गर्ने मानिस कुनै न कुनै समाजबाट नै त्यहाँ पुगेका हुन्छन् । यदि समाजमा नै गिरावट आइरहेको छ भने कुनै पनि संस्था त्यसबाट अछूतो रहन सक्दैन । यति मात्र हैन राजनीतिबारे के भन्न थालिएको छ भने जस्तो समाज हुन्छ त्यस्तै राजनीति पनि हुन्छ । मलाई लाग्दछ मैले उठान गरेको सवाल केही हदसम्म स्पष्ट भइसकेको होला । यस कारण के भन्न सकिन्छ भने विद्यालय समाजको अङ्ग भएकोले यसले समाजको संस्कृति पनि प्रतिविम्बित गर्दछ ।

यसबारे चर्चापरिचर्चा गर्दा धेरै प्रतिक्रियाहरू पाएँ । कसैले भने विद्यालय पनि समाजजस्तै हुन्छ किनभने त्यहाँ पनि राम्रो र नराम्रो दुवै कुरा हुन्छ । कसैले भने होइन विद्यालय र समाज फरक–फरक हुन्छ किनभने विद्यालयमा शिक्षकहरूले विद्यार्थीहरूलाई राम्रो कुरा मात्र सिकाउँछन् । केही शिक्षकले समाजको नराम्रो कुराको प्रभाव विद्यालयमा पनि देखापरिरहेको स्वीकार गरे र छलफलमा उनीहरूले विस्तारै के स्वीकार गरे भने विद्यालय सैद्धान्तिक रूपमा समाजको ऐना होइन, किनभने विद्यालयको केही दायित्व हुन्छ, जसका लागि विद्यालयले काम गरिरहेको हुन्छ ।

यहाँनिर आधुनिक शिक्षाको सन्दर्भमा आधुनिक विद्यालयको कुरो गरिरहेको छु । पारम्परिक विद्यालय प्रणाली यस भन्दा धेरै भिन्न थियो । आधुनिक विद्यालयको शुरूआत यूरोपमा औद्योगिक क्रान्तिपछि अस्तित्वमा आयो, जुन बेला कलकारखानाको छेउमा कोलोनीको रूपमा स्थायी बसोवास हुन थाल्यो । यो ज्ञानविज्ञानको तीव्र विकासको युग थियो । औद्योगिक क्रान्तिपछि लोकतान्त्रिक राज्य व्यवस्थाको बीउ अनेकौं राष्ट्रमा रोपिन थालेको थियो । परिणामस्वरूप विकसित भइरहेको नयाँ दुनियाँका लागि नयाँ मानिसको परिकल्पना गर्न थालिएको थियो । यस बेला औद्योगिक क्रान्तिले एउटा नयाँ समाज जन्माइसकेको थियो । त्यस बेला विद्यालयको प्रमुख काम विद्यार्थीहरूको समाजीकरण तथा संस्कृतीकरण थियो, जसमा पछि ज्ञान हस्तान्तरण गर्ने काम जोडियो । पाश्चात्य जगत्मा फ्रान्सिसी क्रान्तिको तीन सन्देश– स्वतन्त्रता, समानता र बन्धुत्व लोकप्रिय हुन थालेको थियो ।

समाजशास्त्रीहरूका अनुसार विद्यार्थीहरूको समाजीकरणको प्रक्रिया उसको जन्मदेखि नै परिवारबाट प्रारम्भ हुन्छ । मानिस सामाजिक प्राणी हो । वयस्क हुने प्रक्रियामा उसलाई समाजको रीतिरिवाज, रहन–सहन, संस्कृति आदि पनि सिक्नुपर्छ । यस कारण परिवारलाई विद्यार्थीहरूको प्राथमिक पाठशाला पनि भन्ने गरिन्छ र आमाबुवालाई पहिलो शिक्षक । विद्यालय यस प्रकारको समाजीकरणको दोस्रो कडी हो र व्यवसाय वा जागीर यसको अन्तिम कडी । संस्कृति भन्नाले सामाजिक मूल्य र मान्यता, रीतिरिवाज, दृष्टिकोण र गरिने व्यवहार हो । समाज भनेको मानिसहरूको समूह हो । यस कारण शिक्षाको सम्बन्ध सामाजिक र सांस्कृतिक व्यवहारसँग जोडिन्छ । हाम्रो देशमा पनि प्रजातन्त्र प्राप्तिपछि विद्यालयहरू खुल्न थाले । धर्म, जाति र लैङ्गिक आधारमा विद्यालय प्रवेशमा कुनै पनि प्रकारको रोक आज छैन । यसको साथै आधुनिक विज्ञान र गणितलाई पनि शिक्षामा सामेल गरिएको छ ।

विद्यालय शिक्षाको मूल एकाइ हो । त्यहाँ सिक्ने, सिकाउने प्रक्रिया अनवरत सञ्चालन भइरहन्छ । यो परिवारपछि परिवार जस्तै एउटा एकाइ हो । सिक्ने र सिकाउने प्रक्रिया शिक्षक र विद्यार्थीबीच चलिरहन्छ । यस कारण शिक्षक र विद्यार्थीबीचको सम्बन्धले पनि विद्यालय संस्कृतिको निर्माणमा अहम् भूमिका निर्वाह गर्दछ । यसलाई विद्यालय र समाज जोड्ने कडीको रूपमा पनि लिन सकिन्छ । यदि विद्यालयलाई एउटा आदर्शको रूपमा स्थापित गर्नुछ भने पनि यो कार्य एक्लै सम्भव छैन । यो सतत् प्रयास हुन्छ, जो समाज सापेक्ष छ ।

कुनै संस्थागत वा समुदाय विशेषद्वारा सञ्चालित विद्यालय समुदाय विशेषको आदर्शमाथि सञ्चालित हुन सक्छ तर सरकारी विद्यालयलाई यसो गर्ने छुट छैन । सरकारी विद्यालयले त पूर्णतया लोकतान्त्रिक मूल्य अँगाल्नुपर्छ । यहाँनिर सोच्नुपर्ने कुरो के हो भने यदि विद्यालयको आदर्श स्थानीय समुदायको मूल्य र मान्यता विपरीत छ भने तनावको स्थिति उत्पन्न हुन सक्छ । उदाहरणका लागि स्थानीय समुदायले केटीहरूलाई केटाभन्दा भिन्न राख्छ भने उसको चाहना कक्षामा केटा र केटी बेग्लाबेग्लै बेंचमा बसून् भन्ने हुन सक्छ । यदि विद्यालयले यसलाई ग्रहण गर्छ भने यो लैङ्गिक समानताको विपरीत हुन्छ । शिक्षण विज्ञानको मान्यता के हो भने विद्यार्थीहरूले रटेर होइन बुझेर सिक्ने प्रयास गर्नुपर्छ । यसको लागि उनीहरूभित्र उत्सुकता र प्रश्न सोध्ने बानी विकास गर्नुपर्छ । यसका लागि शिक्षकहरूले बढी उपक्रम गर्नुपर्ने हुन्छ । यस अवस्थामा विद्यालय र समुदायबीचको सम्बन्ध महत्त्वपूर्ण हुन जान्छ । यस कारण विद्यालयले आफ्नो भूमिका निर्वाह गर्दै समाजको विश्वास हासिल गर्ने प्रयत्न पनि गर्नुपर्छ ।

हाम्रोजस्तो विकासशील देशमा वञ्चित समूहलाई अगाडि ल्याउन जुन प्रकारको सशक्तीकरण कार्यक्रम चलिरहेको छ त्यसको सफलता तीन सङ्केत–प्रतिनिधित्व, सहभागिता र अभिव्यक्तिको माध्यमले मापन गर्न सकिन्छ । आधुनिक शिक्षा प्रणाली विद्यार्थीहरूको स्वतन्त्र ज्ञानोपार्जनमा विश्वास गर्दछ । आज सरकारी विद्यालयहरूमा गरीब तथा लक्षित समुदायका बालबालिकाहरू मात्र पढ्ने गर्छन् । विद्यार्थीहरू प्रायः निर्बल श्रेणीमा पर्छन् र त्यसमा पनि गरीब परिवारका हुन्छन् । त्यस्ता धेरै परिवार मौन संस्कृतिमा जीवनयापन गर्छन् । यस कारण त्यस्ता विद्यार्थीहरूप्रति शिक्षकहरूले बढी ध्यान दिनुपर्ने हुन्छ ।

आधुनिक शिक्षा प्रणालीले गतिविधिमा आधारित शिक्षण बढी उपयुक्त हुने कुरामा जोड दिएको छ । यस कारण विद्यालयहरूले आन्तरिक शिक्षण पद्धतिमा सुधार ल्याउनु र गतिविधिमा आधारित शिक्षण पद्धति अँगाल्नु वर्तमानको खाँचो हो । विद्यालयहरूले आआफ्ना गतिविधिको क्षेत्र बढाउनुपर्ने खाँचो छ । विभिन्न प्रकारका गतिविधिहरूमा विद्यार्थीहरूको सहभागिता र सक्रियता बढाउनुपर्छ । विद्यार्थीहरूलाई खुलेर बोल्ने, आफ्नो अभिव्यक्ति व्यक्त गर्ने समुचित अवसर प्रदान गर्नुपर्छ । यसरी पारम्परिक तवरले सञ्चालित हुने सङ्क्रमित विद्यालयहरूलाई आधुनिक विद्यालयमा परिवर्तित गर्नुपर्छ ।

आज यस्ता विद्यालयहरूलाई बढी समावेशी र गुणात्मक बनाउनुपर्छ । यसका लागि हाम्रो पाठ्यक्रममा पनि केही सुधार ल्याउनुपर्छ । विद्यार्थीहरूलाई आफैं गरेर सिक्ने र सिकेको कुरा अभिव्यक्त गर्ने अधिकाधिक अवसर प्रदान गर्नुपर्छ । विद्यार्थीहरूबीच हुने प्रतिस्पर्धाको ठाउँमा एक अर्काबाट सिक्ने र पारस्परिक सहकार्यको प्रवृत्तिलाई प्रोत्साहित गर्नुपर्छ । उनीहरूमा आत्मविश्वास उत्पन्न गर्नुपर्छ । केटाकेटीहरूको क्षमता उजागर गर्न प्रश्न गर्ने बानी विकसित गर्नुपर्छ ।

विद्यार्थीहरूले सामूहिक गतिविधि गर्ने खालको वातावरण विद्यालयमा निर्माण गर्नुपर्छ । आज विद्यालयलाई आदर्श बनाउने मार्गको सबैभन्दा ठूलो चुनौती विद्यालय समुदायबीच अवस्थित छ । विद्यार्थीहरू आफ्नो दुईतिहाई समय जुन परिवेशमा व्यतीत गर्छन्, त्यहाँ भएको मूल्य र मान्यताबाट बढी प्रभावित हुन्छन् । आज शिक्षक समूहले स्थानीय समुदायसँग निरन्तर अन्तक्रिया गर्नुपर्ने खाँचो छ । विद्यालयहरूले शैक्षिक विमर्शलाई निरन्तरता दिनुपर्छ । शिक्षा वास्तवमा बन्धन मुक्त हुनुपर्छ । पठ्यपुस्तकको बढ्दो भीड र गृहकार्यको बोझले गर्दा आज विद्यार्थीहरूभित्र रहेको रचनात्मकता समाप्त भइरहेको छ । आज कहीं न कहीं शिक्षकहरू पनि दोषी छन् जस्तो लाग्न थालेको छ किनभने आज दिइने शिक्षालाई 'भारी' भनेर पनि परिभाषित गरिएको छ । यस कारण आधुनिक शिक्षण प्रणाली अनुसार विद्यालयलाई आनन्दालय बनाउनु पनि आजको प्रमुख आवश्यकता हो ।

अन्त्यमा केही प्रश्न, जसबाट हामीले स्वयं आआफ्नो विद्यालयको समीक्षा गर्न सक्छौं त्यो के हो भने हाम्रो लागि विद्यार्थीहरू को हुन् ? विद्यालयमा उनीहरू के र कसरी अगागि बढिरहेका छन् ? के हामीले विद्यार्थीले चाहेजस्तो ज्ञान दिइरहेका छौं ? उसमा भएको सृजनशीलता विकसित गर्न विद्यालयले के–के प्रयास गरिरहेको छ ? बाह्य यथार्थसँग विद्यार्थीहरूको सम्बन्ध कस्तो छ ? यस्ता केही प्रश्नको सही जवाफ खोज्न सकियो भने विद्यालयलाई स्वस्थ र लोकतान्त्रिक संस्कृतिको प्रवर्द्धनमा सहयोगी बनाउन सकिन्छ ।

# धानको बीउ नपाएर किसान हैरान

गोपालप्रसाद बराल
महोत्तरी, २७ जेठ/रासस

भर्खरैको वर्षाले खेतमा राम्रो चिस्यान भएपछि यहाँका किसान धानको ब्याड राख्ने तयारीमा छन् । भरपर्दो बीउ नपाउँदा किसानको हैरानी भने बढेको छ । जेठ चौथो साताको प्रारम्भसँगै यहाँका सबै भेगमा परेको पानीले माटोमा चिस्यान बनेको छ । यो चिस्यानमैं ब्याड राख्ने तरखरमा रहेका किसान बीउ नपाएपछि हैरान बनेका हुन् ।

"धुले बीउ राख्न हुनेगरी पानी त पर्‍यो, तर भरपर्दो बीउ पाइएको छैन," भङ्गाहा–४ रामनगरका ७० वर्षीय किसान शेख जब्बर भन्छन्, "बजारमा किनिएको बीउ राम्रो उमारेको नहुँदा विगतमा दुःख पाएका छौं ।"

बजारमा किनिएको बीउ राम्ररी नउम्रने, नगाँजिने र पोटिलो दाना नलाग्ने गरेको विगत अनुभवले जब्बारलाई अब के गर्ने भन्ने चिन्ताले पिरोलेको छ । जब्बार मात्र नभएर यहाँका अधिकांश किसान अहिले आफ्नै स्थानीय तहको कृषि शाखाबाट बीउ पाउने आसमा बसेका छन् ।

धेरैजसो स्थानीय तहका कृषि शाखाले किसानलाई सुपथ मूल्यमा दिइने बीउको व्यवस्था नगर्दा किसान फेरि खुला बजारमैं भर पर्नुपर्ने भएको छ । "पोहोर, परार सस्तो महँगो जे जस्तो भएपनि वडा कार्यालयबाट बीउ पाइएको थियो," सो बस्तीकै अर्का किसान गङ्गाराम महतो सम्झन्छन्, "यसपटक बीउ वितरणबारे थाहा पाइएन ।"

जेठ मध्यअघि नै राखिसक्नुपर्ने ब्याड यसपटक वर्षा ढिलो हुँदा किसान पछि परेका हुन् । अब समय निकै घर्किसक्दा धान रोप्नै नपाइने पो हो कि भन्ने चिन्ताले किसानको पिरोलो बढेको हो । राम्रो बीउको अभावले मुख्य बाली मानिएको धान ठीक समयमा रोप्न नसक्ने छाँट देखिएपछि किसान यसपालि अन्नको सङ्कट बढ्न सक्ने आशङ्काले पिरोलिएका छन् । हिउँदे वर्षा राम्रो नपर्दा चैतेबालीबाट राम्रो उत्पादन लिन नसकिएको र वैशाखे तरकारीबाली खडेरीमा परेर पहेंलिएको हुँदा किसानको आस अब धानमा टिकेको हो । यो जिल्लाकै मुख्यबाली समयमा लगाउन नपाइएपछि गुजाराको सङ्कट बढ्ने किसानको चिन्ता छ ।

बर्दिवास–९ पशुपतिनगरका ६५ वर्षीय किसान रामचन्द्र थापामगर बीउकै खोजीमा भौंतारिरहेका छन् । पहिले नै पानी नपर्दा बर्खे धानको बीउ राख्ने समय नभएको हुँदा अब हिउँदे धानको मात्र किसानलाई आस छ ।

असार पहिलो साता लगत्तै धानको सघन बीउ (बेर्ना) रोपाइँ शुरू गरिनुपर्ने यो खेतीको तालिका हो । जेठ सकिनै लाग्दासम्म बीउ नपाएर ब्याड राख्न नपाएका किसान रनभुल्लमा परेका छन् । "जेठ सकिनै लाग्यो, धानको बीउ पाइएको छैन," जिल्लाको बलवा नगरपालिका–१० धमौराका किसान इब्राहिम राइन भन्छन्, "यसपालि राम्ररी धान रोप्न पाइने छाँट छैन ।"

जिल्लाको मुख्य फसल (बाली) धान लगाउने टुङ्गो नभएपछि किसान घरगुजाराको चिन्ताले पिरोलिएका छन् । पहिले पहिले स्थानीय जातका धान लगाइँदा आफैंले बीउ राख्ने गरे पनि अहिले विकासे जातका धान लाउन थालिएकाले बीउकै लागि बजारको मुख ताक्नुपरेको किसानहरू बताउँछन् । हामीसँग आफ्नै कलमखोर, गोला, हरिणाकेर, वानपाकी, जसवा र सञ्जिरासहित दर्जनौं धानका जात हुन्थे," भङ्गाहा–८ धर्मपुरका ७५ वर्षीय किसान राजेन्द्र बछार थारू भन्छन्, "विकासे जात धेरै फलाउने भनेर पुरानो धान मासियो, अहिले बीउ नपाएर सास्ती छ ।"

पछिल्ला दुई दशकयता स्थानीय जातका धान लगाउन छाडेपछि प्रत्येक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मधेश प्रदेश मन्त्रिपरिषद् विस्तार



महेन्द्रनगर (धनुषा), २७ जेठ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

मुख्यमन्त्री सिंहको सिफारिशमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आइतवार जनमत पार्टीका तर्फबाट त्रिभुवन साहलाई वन तथा वातावरण मन्त्री र मोहम्मद सकिल मियाँलाई विनाविभागीय मन्त्री नियुक्त गरेकी छन् ।

यसअघि विनाविभागीय राज्यमन्त्री नियुक्त रञ्जुकुमारी मण्डल खड्गलाई वन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

मन्त्री साह सिराहाको क्षेत्र नं ४ को (क) बाट निर्वाचित हुन् । उनीहरूलाई आजै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले पद तथा गोपनीयताको शपथ गराएकी छन् ।

यससँगै मधेस प्रदेश मन्त्रिपरिषद् १६ सदस्यीय भएको छ । यसअघि मुख्यमन्त्री सिंहले १० मन्त्री र तीन राज्यमन्त्री नियुक्त गरेका थिए ।

# परामर्शदाता संस्थाको नवीकरणमा कडाइ गर्दै शिक्षा मन्त्रालय

काठमाडौं, २७ जेठ/रासस

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थलगत अनुगमनपछि मात्र शैक्षिक परामर्शदाता संस्थाको नवीकरण गर्ने निर्णय गरेको छ ।

लामो समयसम्म नवीकरण नभएका संस्थाको नवीकरण गर्नुपूर्व मन्त्रालयको उच्च शिक्षा महाशाखाको नेतृत्वमा अनिवार्य स्थलगत अनुगमन गरिने मन्त्रालयले जनाएको छ ।

हालसम्म शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ अनुसार एक हजार ४७३ वटा संस्था शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गर्नेगरी दर्ता भएका छन् । विसं २०७५ साउन १६ गतेबाट संस्था दर्ता तथा नवीकरणलगायतका कार्य रोकिएका थिए भने शैक्षिक मेला सञ्चालन अनुमतिसमेत दिइएको थिएन । अब नवीकरण भएका संस्थालाई मात्रै शैक्षिक मेला सञ्चालनको अनुमति दिइने छ । विनाअनुमति आफूखुशी सञ्चालन भएका शैक्षिक मेलालाई कारबाही गर्ने मन्त्रालयको तयारी छ ।

मन्त्रालयमा सूचीकृत भइसकेका संस्थाको विवरण, नामसारी तथा ठाउँसारीको अवस्था, सेवा प्रदान गरेका विद्यार्थीको विवरण प्राप्त नहुनुका साथै सञ्चालन भइरहेका यी सेवाबाट प्राप्त हुने राजस्वसमेत अद्यावधिक हुन सकेको थिएन ।

त्यसयता अनुगमन तथा नियमनसमेत हुन सकेको छैन । सेवाग्राही मर्कामा परेका र कारबाहीका लागि उजूरी गर्दासमेत सुनवाइ नभएको गुनासा आउन थालेपछि मन्त्रालयले सूचीकृत भएका संस्थाको नवीकरणका लागि आवेदन लिने निर्णय गरेको हो ।

अनुगमनको मासिक प्रतिवेदन शिक्षामन्त्रीसमक्ष पेश गर्नुपर्ने निर्णय भएको मन्त्रीको सचिवालयले जनाएको छ ।

# १२२ किलो गाँजासहित दुईजना पक्राउ




प्रस, वीरगंज, २७ जेठ/

जिल्ला प्रहरी कार्यालय, बाराले १२२ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

शनिवार इलाका प्रहरी कार्यालय, अमलेखगंजले बा.१०च ३६१९ नम्बरको कार चेकजाँच गर्दा ८० किलो गाँजासहित चितवन जिल्ला राप्ती नगरपालिका–१० रिकाटार बस्ने २५ वर्षीय मानबहादुर वाईवा र मकवानपुर जिल्ला राक्सिराङ गाउँपालिका–५ बस्ने २६ वर्षीय सुमन स्याङ्तानलाई पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ ।

यसैगरी, इलाका प्रहरी कार्यालय, सिम्रौनगढले सिम्रौनगढ नगरपालिका–१ हनुमान चोकबाट भारततर्फ जाँदै गरेको बिआर०५सी ७०५४ नम्बरको भारतीय मोटरसाइकलबाट १० किलो गाँजा बरामद भएको जिप्रका, बाराले जनाएको छ । मोटरसाइकल चालक भने गाँजा र मोटरसाइकल छाडेर फरार भएका छन् ।

यसैगरी, प्रहरी चौकी पथलैयाले पथलैया चोकबाट ३२ किलो गाँजा बरामद गरेको छ । हेटौंडाबाट पथलैया आउँदै गरेको प्र.०३–००२प५८५४ नम्बरको मोटरसाइकल प्रहरीले रोक्न खोज्दा मोटरसाइकल चालक गाँजा फालेर फरार भएको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी गराएका छन् ।

# विमानस्थलबाट सुनसहित चारजना पक्राउ

काठमाडौं, २७ जेठ/रासस

नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छलेर ल्याइएको सुनसहित चारजनालाई पक्राउ गरी आइतवार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा मोरङ केराबारी गाउँपालिका–९ का ३१ वर्षीय सरोज कोइराला, रौतहट कटहरिया नगरपालिका–६ का २४ वर्षीय मोहम्मद इन्तेयाज आलम, सप्तरी सुरुङ्गा नगरपालिका–५ का २१ वर्षीय मोहम्मद अरमान र सप्तरी खडक नगरपालिका–६ का ३७ वर्षीय ज्याउद्दीन मियाँ छन् ।

प्रहरीले कोइराला र आलमबाट २५ ग्राम सुनको सिक्री एक थान र ६९ दशमलव ९९ ग्राम सुनको काँचो डल्लोसहित बरामद गरिएको जनाएको छ । यस्तै, ५० ग्राम सुनको सिक्रीसहित अरमान र मियाँलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालय, केन्द्रीय समाचार कक्षले जनाएको छ ।

उनीहरू विमानस्थलको अन्तर्राष्ट्रिय आगमन पार्किङ क्षेत्रबाट पक्राउ परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# नेप्से परिसूचक ओरालो लाग्यो

काठमाडौं, २७ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक चार दशमलव ५९ अङ्कले ओरालो लागेर दुई हजार ७३ दशमलव १९ मा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १५ अङ्कले ओरालो लागेर ३६८ दशमलव १८ मा सीमित भएको छ ।

एक करोड चार लाख ५२ हजार १२८ कित्ता शेयर रु पाँच अर्ब १८ करोड ९० लाख ७९ हजार ५२२ मा कारोबार भयो । नेप्सेका अनुसार इस्टर्न हाइड्रोपावर, शुभम् पावर, सिटी होटल र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । भगवती हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन् ।

यस्तै, बुद्धभूमि नेपाल हाइड्रोपावर १०, पोखरा फाइनान्स सात दशमलव १२, लक्ष्मी लघुवित्त छ दशमलव ६१, माईखोला हाइड्रोपावर पाँच दशमलव ३४ तथा मिड सोलु हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ५२ प्रतिशतले गुमाएका छन् ।

# भगवानपुर गाउँपालिकाको प्रशासकीय भवन निर्माण अलपत्र

गोलबजार (सिराहा), २७ जेठ/रासस

सिराहाको भगवानपुर गाउँपालिकाको आधुनिक सेवासुविधासहितको प्रशासकीय भवनको निर्माणको काम अलपत्र परेको छ ।

निर्माणको काम ठेक्का लिएको ठेकेदार कम्पनीले विसं २०८० असारमा काम छोडेर हिंडेपछि नगरपालिकाको भवन निर्माणको काम अलपत्र परेको हो । वडा नं १ स्थित रु ११ करोड ५८ लाख ८१२ भ्याटसहितको लागतमा विसं २०७८ असार २० गते भएको सम्झौतामा ३६ महीनाभित्र काम सम्पन्न गर्नेगरी रौता अनसुमन जेभी काठमाडौंले ठेक्का पाएको थियो ।

भवन निर्माण गर्न दुई महीना मात्र समय बाँकी रहे पनि ठेकेदार कम्पनीले निर्माणको काम अगाडि नबढाएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत चन्द्रनारायण चौधरीले बताए ।

सो भवन 'अन्डर ग्राउन्ड'सहित पाँच तले निर्माण हुने, पूर्ण अपाङ्गतामैत्री, पर्याप्त शौचालय सुविधाको एकीकृतरूपमा सेवा दिने आधुनिक प्रशासकीय भवन हुने गाउँपालिकाले जनाएको छ । भवनमा सेवाग्राहीका लागि डिपिआरमा लिफ्टको उल्लेख रहे पनि




सोका लागि रकम गाउँपालिकाले छुट्याएको छैन ।

भवन निर्माणको काम अलपत्र छाडेको ठेकेदार कम्पनीले पेश्की रकमसहित रु तीन करोड पाँच लाख २० हजार बुझेको गाउँपालिकाका इन्जिनीयर प्रवीण भक्तले जानकारी दिए । भवन निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीलाई पटकपटक ताकेता गर्दा पनि निर्माणको काम अगाडि बढाउन कुनै चासो नदेखाएको उनले बताए ।

उनका अनुसार प्रशासनिक भवनको ३५ प्रतिशत भौतिक प्रगति रहेको छ । गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले ठेकेदारलाई काम अगाडि बढाउन बाँकी रकम भुक्तानी गर्ने बताए ।

गाउँपालिकाको आफ्नै भवन नभए पनि साबिक भगवानपुर गाविस भवनबाट गाउँपालिकाको काम सञ्चालन गरिँदै आएको छ । केही शाखा र वडा भवन अभावमा निजी घरमा भाडामा लिएर सञ्चालन भइरहेको र वार्षिक रु २६ लाख घर भाडामा रकम खर्च भइरहेको गाउँपालिकाले जनाएको छ ।

# वीर अस्पतालमा ब्रेन ट्युमरको निश्शुल्क शल्यक्रिया

काठमाडौं, २७ जेठ/रासस

वीर अस्पतालले आइतवारदेखि ब्रेन ट्युमरका बिरामीको निश्शुल्क शल्यक्रिया शुरू गरेको छ । अन्तर्राष्ट्रिय ब्रेन ट्युमर दिवसको अवसर पारेर ब्रेन ट्युमरको निश्शुल्क शल्यक्रिया शुरू गरेको अस्पतालको राष्ट्रिय ब्रेन ट्युमर केन्द्रका अध्यक्ष प्राडा राजीव झाले जानकारी दिए ।

उनका अनुसार आजदेखि असार १६ गतेसम्म अस्पतालमा आउने ब्रेन ट्युमरका बिरामीको निश्शुल्क शल्यक्रिया गरिनेछ । बाहिरी अस्पतालमा शल्यक्रिया गर्दा कम्तीमा रु एक लाखदेखि तीन लाखसम्म पर्छ । शरीरका कोशिकाहरू असामान्य ढङ्गबाट बढ्दै गएको अवस्थामा ब्रेन ट्युमरको समस्या हुने उनले जानकारी दिए । "मानिसको उमेर बढ्दै जाँदा शरीरका अङ्गहरू कमजोर हुने क्रमसँगै ब्रेन ट्युमरको सम्भावना बढ्दै जान्छ । हेपाटाइटिस, एड्सजस्ता रोग लागेर कमजोर भएका व्यक्तिको लिम्फोमा ट्युमर हुने उच्च सम्भावना रहन्छ," उनले भने ।

ब्रेन ट्युमर हुनुको अर्को कारण खराब विकिरण पनि हो । एक्स–रे, सिटीस्क्यान गराउँदा निस्कने विकिरण हानिकारक मानिन्छ । ब्रेन ट्युमरको उपचारमा धेरै प्रयोग हुने प्रविधि भनेको 'एसआरएस' अर्थात् ट्याक्सी रेडियो सर्जरीलाई लिने गरिन्छ । यसले कतिपय ब्रेन ट्युमरलाई शल्यक्रिया नगरी सुकाइदिन्छ तर उच्च डोजको विकिरण हुने भएकाले शरीरका अन्य भागमा प्रत्यक्ष असर गर्छ र पछि क्यान्सरको जोखिम बढाउने चिकित्सकहरू बताउँछन् । अस्पतालमा दैनिक छदेखि आठजना ब्रेन ट्युमरका बिरामी उपचारका लागि आउने गरेका छन् । झाका अनुसार मुलुकभरि प्रत्येक दिन ब्रेन ट्युमरका सयजना बिरामी अस्पताल आउने गरेका छन् ।

ब्रेन ट्युमरसम्बन्धी लक्षण, यसको जोखिम समयमा पहिचान गर्ने र उपचार गर्ने हो भने यो रोगबाट पार्ने असर, ब्रेन ट्युमरबाट हुन जाने शारीरिक र मानसिक दुर्बलतालाई कम गर्न सकिने उनको भनाइ छ । नेपालमा सबैभन्दा पहिलो ब्रेन ट्युमरको शल्यक्रिया पनि वीर अस्पतालमा गरिएको थियो ।



सुकाइएको सूर्तिको पातः पर्साको ठोरी गाउँपालिका वडा नं ४ विजयबस्तीमा किसानले सुकाएको सूर्ति । सूर्तिको पात ६ महिना सुकाएपछि बिक्रीका लागि तयार हुने गर्छ । राम्रो खालको सुकेको सूर्ति प्रतिकिलो रू २०० मा बिक्री हुने उनीहरू बताउँछन् । तस्बिरः हिमाल लम्साल ररासस

# तराईमा तातो हावाको लहर बढ्न सक्ने

काठमाडौं, २७ जेठ/रासस

जल तथा मौसम विज्ञान विभागले आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था विश्लेषण गर्दा तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहने भएकोले सतर्क रहन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाले गर्मी बढ्ने भएकोले आवश्यक तयारीका साथै सावधान रहन सबैमा अनुरोध गरेको छ । विभागका मौसमविद् बिनु महर्जनले मुख्यगरी तराईका साथै सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा गर्मी बढ्ने अनुमान गरिएको जानकारी दिइन् ।

विभागले भनेको छ–"तराईका भूभागमा जेठ २८ गतेसम्म तातो हावासँगै तातो लहर 'लू' को सम्भावना रहेकोले त्यसको असरबाट बचन आवश्यक सतर्कताका उपाय गर्न अनुरोध छ ।" मौसमविद् महर्जनका अनुसार यस अघि नेपालगंजमा यो वर्षको सबैभन्दा बढी ४४.२ डिग्री र धनगढीमा ४४.१ डिग्री तापक्रम मापन भएको थियो ।

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरमा थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशी दुख्ने, बान्ता हुनेलगायत रहेकोले सोबाट बच्नुपर्ने मौसमविद् महर्जनको भनाइ छ ।

"तातो हावा तथा लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्रै वा चीसो स्थानमा बस्ने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नहिंड्ने, हल्का सुतीका कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिने गर्नुपर्छ"–उनल भने ।

विभागका अनुसार हाल नेपालमा स्थानीय वायु, पश्चिमी वायु तथा बिहार आसपास बनेको न्यूनचापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ । आज कोशी प्रदेशलगायत देशको पहाडी भूभागमा आंशिक बदली रहनुका साथै बाँकी भूभागमा मौसम सफा रहने जनाइएको छ ।

कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा तथा बाँकी भूभागका एक–दुई स्थानमा मेघ गर्जन रचट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । विभागले दिएको जानकारी अनुसार लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हुरीको सम्भावना रहेको छ ।

**भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बाराबाट जारी भएको पर्सा जि. वीरगंज मनपा वडा नं १० बस्ने ज.ध. भगवानलाल साहको नाउँको उपस्थित हुन आउनेबारेको ३० दिने सार्वजनिक सूचना**

बारा जि. भोडहा वडा नं ६ (क) कि.नं. २३३ को क्षेत्रफल ०–५–१० जग्गाको मोही नामसारी तथा उक्त जग्गालाई उत्तर–दक्षिण चिरा पारी पश्चिमतर्फबाट आधा म मोहीको भागमा छुट्याइ पाउँ भनी मोही शङ्कर महराको निवेदन उपर तपाई ज.ध.को नाउँमा रीतपूर्वकको म्याद जारी गरी पठाउँदा म्याद बुझ्न नमानेको र सम्बन्धित वडा कार्यालयसमेतले म्याद टाँस गर्न इन्कार गरेको हुँदा निवेदकको मागबमोजिम भू.स.ऐन, २०२१ को दफा २६ (१) र २६ (घ) बमोजिम जग्गाको मोही नामसारी तथा बाँडफाँड हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सप्रमाण उपस्थित हुनुहोला । अन्यथा म्यादभित्र उजूरबाजूर नगरे कानूनबमोजिम भइजाने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# लाहुरेको शहर धरानको पहिचान मेटिंदै

सङ्गीता राई
धरान, २७ जेठ/रासस

आधुनिक शहरका रूपमा परिचित धरान शहर कुनै समय घना जङ्गलले ढाकिएको थियो । जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरूले तयार गरेको धरान (धराप)बाट यसको नाम रहन गयो । आरावालाहरूको मेहनतले खारिएको यो ठाउँ कालान्तरमा ‘लाहुरेको शहर’का रूपमा उभियो, र उनीहरूकै नाम र कर्मले चिनियो पनि। समयक्रममा धरान कहिले ‘फेशनेबल शहर’ले त अहिले बुढासुब्बा मन्दिरले पनि परिचित भयो। त्यतिमात्रै होइन, तराई र पहाड जोड्ने सङ्गम भएकाले मानिसहरू चहलपहल अधिक हुन थाल्यो ।

जेजस्तो भएपनि आधुनिक शहरको जग भने लाहुरेहरूको मेहनतले बसेको हो । लाहुरेहरूको पूँजी, सीप र पौरख पोखिएर उभिएको धरानले लाहुरेको शहरका रूपमा नयाँ पहिचान पायो । विसं २०१० मा ब्रिटिश गोर्खामा भर्ती भई ३७ वर्ष सेवा गरेका झप्तमान लिम्बू सामान्य गाउँ धरान शहरका रूपमा विकास हुँदै गरेको देख्ने थोरैमध्येका एक हुन् । उनी भर्ती हुने समयमा धरानमा ब्रिटिश घोपा क्याम्प स्थापना भइसकेको थिएन। धनकुटामा जन्मिएका उनी लाहुरे बन्न कैयौं दिन हिंडेर दार्जिलिङ पुगेका थिए। “हामी लाहुरे बन्ने समयमा धरान सुनसान जङ्गल जस्तै थियो, लाहुरबाट बिदामा फर्कंदा धरानमा खान र बस्ने ठाउँ पनि भेटिन्नथ्यो,” उनले विगत सम्झे।

त्यो बेलासम्म ब्रिटिशले भारतको दार्जिलिङबाट गोर्खा भर्ती गराउँदै आएको थियो । “उच्च पदमा पुगेका केही लाहुरेहरूले धरानमा पक्की घर बनाएर बस्न थालेपछि लाहुरेको सङ्ख्या बढ्दै जाँदा यसले शहरको रूप लिएको हो,” उनले भने, “ती लाहुरेहरूको भीडमा म पनि एक थिएँ, तर अहिले धरानबाट लाहुरेहरू पातलिंदै गएका छन् ।”

उनका अनुसार धरानमा कुनै समय छ हजार पाँच सय लाहुरे अर्थात् भूतपूर्व सैनिक थिए, तर अहिले त्यो सङ्ख्या तीन हजारको हाराहारीमा सीमित भएको छ । पछिल्लो समय भर्ती भएर लाहुरे हुनेहरूका लागि ब्रिटिश सरकारले उतै बस्ने वातावरण बनाइदिएपछि नेपाल फर्कनेहरू घट्दै गएको उनको बुझाइ छ।

लिम्बूले शुरूमा मलेशियाबाट सेवा शुरू गरेर सिङ्गापुर, ब्रुनाई, हङकङ, बेलायत, जर्मनी, इटाली, बेल्जियमलगायत देशसम्म पुगी ३६ वर्ष बिताए। नेपाल फर्केपछि धरान क्याम्पमा गोरखा मेजर भएर काम गरेको उनले बताए। उनले भने, “मलाई बेलायतभन्दा नेपाल नै राम्रो लाग्यो, नेपालमा जति साथीभाइ पाएको छु, त्यहाँ कसरी पाउनु, त्यसैले बेलायत गएर बस्न कहिल्यै मन लागेन ।”

धरानलाई लाहुरेको शहर बनाउन भर्ती केन्द्रको स्थापना हुनु प्रमुख कारक रहेको धरानका बूढापाका बताउँछन् । भर्ती केन्द्र स्थापना भएपछि धरानका आर्थिक र सामाजिक गतिविधिहरू बढ्दै गए । लाहुरेहरूले विदेशमा सिकेको रहनसहनलाई अपनाए र यहाँको सामाजिक संस्कार पनि बिस्तारै शहरमय हुन पुग्यो । धरान-१३ फुस्रेमा भारतीय पेन्सन क्याम्प स्थापना भएपछि त भारतीय लाहुरेका लागि पनि यो आकर्षक केन्द्रका रूपमा स्थापित भयो ।

पूर्वी पहाडी भेगका युवाहरू भर्ती हुनका लागि ब्रिटिश गोर्खा सैनिक कार्यालय (भर्ती केन्द्र)मा सयौंको सङ्ख्यामा आउने गरेको भूतपूर्व लाहुरेहरू बताउँछन् । विसं २०१६ मा धरानमा गोरखा भर्ती केन्द्र मलाय क्याम्प स्थापना भएपछि धरानमा लाहुरेको सङ्ख्या ह्वात्तै बढेको समाजसेवी राजेन्द्र शर्माको भनाइ छ। उनले भने, “तत्कालीन समयमा १६ वटा जिल्लाबाट भर्ती हुनका लागि युवाहरू आउँथे, त्यो बेला धरान धेरैका लागि सपनाको शहर जस्तै बनेको थियो ।”

सन् २००४ देखि पूर्व गोर्खाली र उनीहरूका परिवारलाई बेलायत, सिङ्गापुर, ब्रुनाईलगायत देशमा बस्न पाउने अनुमति पाएपछि धरानमा लाहुरेको सङ्ख्या घट्दै गएको शर्माको बुझाइ छ। अहिले धरानमा १० देखि १२ प्रतिशत जति मात्र लाहुरे रहेको उनको भनाइ छ। “बेलायत र सिङ्गापुर बस्ने नेपालीले पठाउने विप्रेषण घट्न थालेपछि धरानको रौनकता पनि हराउँदै गएको छ,” उनले भने।

लाहुरे घट्दै गएपछि एकातिर धरानमा पछिल्लो समय व्यापार पनि घट्दै गएको छ भने अर्कोतिर लाहुरेहरूले नेपालमा रहेको सम्पत्ति बेचेर बेलायत लैजाने क्रम पनि बढेको छ। “धरानबाट लाहुरेहरू पलायन भएपनि उहाँहरूले छाडेका निसानीले बेलाबेलामा उहाँहरूलाई नै सम्झाउने गर्छ,” उनले भने, “भूपू सैनिकहरूले धरान उपमहानगरपालिका-२० विष्णुपादुकमा निर्माण गरेको ब्रिटिश गोर्खा स्मृति पार्क धेरै पर्यटकका लागि गन्तव्यसमेत बनेको छ ।”

धरान-१० स्थित सैनिक भवन, धरान-१९ स्थित ब्रिटिश सामुदायिक हल, धरान-१३ स्थित वेलफेयर अफिस, धरान-१८ स्थित डिपोट हाईस्कूल, भानुचोकस्थित गोर्खा कम्प्लेक्सलगायत संरचना लाहुरेहरूकै देन हुन्। लाहुरेहरूले धरानलाई नयाँ पहिचान मात्रै दिएनन्, उनीहरूले पुस्तौंसम्म स्मरण गर्ने संरचना पनि बनाएर धरानको पहिचान बलियो बनाए । आधुनिक धरान बनाउन महत्त्वपूर्ण योगदान दिएका लाहुरेहरू अहिले कमै भेटिन्छन्। यद्यपि उनीहरूका योगदान भने पुस्तौंसम्मका धरानवासीले स्मरण गरिरहनेमा शर्माको विश्वास छ।

आजभन्दा झन्डै ४०-४५ वर्षअगाडि पहाडी जिल्लामा यातायातको सुविधा नहुँदा हिंडेर ढाकर बोकेर नून, चामल लिनेहरू धरान झर्थे, तर त्यो क्रम बिस्तारै कम हुँदै गयो, यातायातको सुविधा पुग्दै गयो । पहाडी भेगका जिल्लाबाट मानिसहरू धरान झर्दा धरानको सान बेग्लै हुन्थ्यो, तर अहिले धरान झर्नेहरू पनि घटे भने धरानको जग बसाल्ने पनि पातलिंदै गए ।

सङ्खुवासभामा जन्मिएका क्याप्टेन पूर्ण लिम्बू सन् १९८० सालमा ब्रिटिश लाहुरे भई २८ वर्ष बिताएपछि सन् २००८ सालमा सेवानिवृत्त भई नेपाल फर्किएको बताए । उनले नेपाल फर्केपछि धरान उपमहानगरपालिका-१३ मा रहेको ब्रिटिश वेलफेयर कार्यालयमा वरिष्ठ एरिया वेलफेयर अफिसरका रूपमा १६ वर्ष सेवा गरेपछि करीब एक वर्षअघि मात्रै सेवानिवृत्त भएका हुन् ।

लिम्बूले भने, “पहिलेको तुलनामा अहिले ब्रिटिश, सिङ्गापुरेलगायत लाहुरेको सुविधा राम्रो छ। म पनि परिवार लगेर उतै बस्न सक्थें, तर आफू जन्मेको देश यो उमेरमा किन छाड्ने भन्ने लाग्यो र यतै बस्ने निधो गरें ।” उनी अहिले सामाजिक काममा पनि उत्तिकै सक्रिय छन् ।

पछिल्लो समय युवाहरू भर्ती भएपछि नेपाल फर्कनेहरू निकै कम छन् । अहिले लाहुर लागेर गएको केही वर्षमैं उतै बस्ने सुविधाले पनि होला धरानका युवाहरू उता गएपछि फर्कन मान्दैनन् । लिम्बूले भने, “हाम्रो पालामा लाहुर लागेकाले नेपाल फर्केर चिटिक्क परेका घर बनाए, विदेशमा सिकेका संस्कारलाई पछ्याउन थालेका थिए। धरान लाहुरेको शहरका रूपमा अघि बढ्दै थियो, चिटिक्क परेको सफासुग्घर घरहरू भएको शहर बन्न थाल्यो, त्यो समय धरानमा लाहुरेको उपस्थिति शहरको व्यापार वृद्धि र चमकधमकको मुख्य आधार नै बनेको थियो, तर अहिले त्यस्तो छैन ।”

हाल चुम्लुङका जिल्ला अध्यक्ष मोहनकुमार हुक्पाचोङबाङ सन् १९७३ सालमा ब्रिटिश लाहुरे भएर बेलायत र ब्रुनाई गरी करीब २७ वर्ष जागीर गरेर नेपाल फर्किएको बताए। उनका शब्दमा लाहुरेहरू नभएको भए धरानको विकास यो स्तरमा शायदै हुने थिएन होला, तर पछिल्लो समय नेपालको सम्पत्ति बिक्री गरेर लाहुरेहरू बाहिरिने क्रमले धरानको साख खस्कँदो रहेको उनको बुझाइ छ। “हामीले त लाहुरेकै कारण बनेको धरान र लाहुर कम हुँदै गएपछि हराउँदै गएको यहाँको रौनकता दुवै भोग्नेमा पर्‍यौं, अहिले पहिले जस्तो लाहुरेको शहर छैन ।”

बेलायत सरकारले राम्रो सुविधा दिएकै कारण पछिल्लो समय लाहुरेहरू नेपाल छोडेर विदेशमैं बस्न थालेको धरानका पत्रकार हर्ष सुब्बाको भनाइ छ। उनले भने, “पेन्सनबाहेक पनि अतिरिक्त थप राम्रो भत्ता पाउन थालेसँगै पनि धेरै लाहुरे विदेश पलायन हुन थाले, पछिल्लो आन्दोलनपछि बेलायती सरकारले घर बनाउने र परिवार लैजान पाउने सुविधा पनि दिएपछि यहाँका लाहुरेहरू सम्पत्ति बेचेर जान थालेका हुन् ।”

पछिल्लो समय धरान मात्र नभएर नेपालका अधिकांश ठाउँका लाहुरेहरूले नेपालमा भएको आफ्नो जग्गा जमीनहरू बेचेर विदेश जानेको सङ्ख्या बढ्दै गएकाले बर्सेनि २५ देखि ३० करोडभन्दा बढी रकम बेलायत जाने गरेकाले देशलाई पनि घाटा हुने गरेको पूर्वसांसद जयकुमार राई बताउँछन्। ब्रिटिश सेनामा कार्यरत रहँदा सिकेको सीपलाई नेपालमैं आएर उपयोग गर्नुपर्छ भन्ने उनको भनाइ छ ।



**बिक्रीका लागि ल्याइएको सिलौटोः** कञ्चनपुरको झलारी बजारमा भारतको राजस्थानबाट भारतीय बन्जारा जातिका व्यापारीले ल्याएका ढुङ्गाबाट निर्मित सिलौटो र जाँतो । यहाँको बजार र गाउँमा बन्जाराहरूले साइकलमा लगेर सिलौटो र जाँतो बेच्ने गरेका छन् । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

## फरक समाचार

### गर्मी र घामको सम्बन्ध मधुमेहसँग हुन्छ

गर्मी मौसम चरम सीमामा छ र लूको प्रकोप पनि बढिरहेको छ। मधुमेहका बिरामीले गर्मी मौसममा विशेष ध्यान दिनुपर्छ। चर्को गर्मीमा पसिना आउनुका कारण शरीरमा पानी र नूनको कमी हुन्छ, जसले थकान र डिहाइड्रेसनको समस्या निम्त्याउँछ। यसबाहेक गर्मीका कारण रगतमा चिनीको मात्रा नियन्त्रण गर्न पनि गाह्रो हुन्छ ।




दिल्लीस्थित डायबिटिज एन्ड मेटाबोलिक रिसर्च सेन्टरका एमडी र निर्देशक डा अशोक झिंगन गर्मीमा मधुमेहको व्यवस्थापन चुनौतीपूर्ण हुने बताउँछन् । दैनिक बानीमा परिवर्तन, निर्जलीकरणको जोखिम र थकानले मधुमेह रोगीहरूलाई समस्या सिर्जना गर्न सक्छ। त्यसैले यो मौसममा मधुमेहका बिरामीले विशेष ख्याल गर्नुपर्छ ।

**हाइड्रेशन**: गर्मीमा डिहाइड्रेशन मधुमेह रोगीहरूको लागि खतरनाक हुन सक्छ । त्यसैले दिनभरि प्रशस्त पानी पिउनुपर्छ । तिर्खा नलागे पनि पानी पिउनुहोस्। पानीबाहेक कागती पानी, मोही वा इलेक्ट्रोलाइटयुक्त पेय पनि पिउन सक्नुहुन्छ ।

**रक्त शर्करा स्तरमा निगरानी** : गर्मीमा रगतमा चिनीको मात्रामा उतारचढाव आउन सक्छ । त्यसैले रगतमा चिनीको मात्राको नियमित जाँच जरुरी छ । यसका लागि ग्लुकोमिटर वा कन्टिन्युअस ग्लुकोज मोनिटरिङ (सिजिएम) उपकरण प्रयोग गर्न सकिन्छ। सिजिएम डिभाइसमा औंलामा घोचेर रक्त जाँच गर्नुपर्दैन । यसको मदतबाट चौबीसै घण्टा रगतमा चिनीको स्तर निगरानी गर्न सकिन्छ ।

**स्मार्ट व्यायाम गर्नुहोस्** : मधुमेह नियन्त्रणमा नियमित व्यायामले महत्त्वपूर्ण भूमिका खेल्छ। गर्मीमा तापमान कम हुँदा बिहान वा बेलुका व्यायाम गर्नु राम्रो हुन्छ । योग, एरोबिक्स वा स्ट्रेन्थ प्रशिक्षणजस्ता घरभित्रकै व्यायामहरू गर्न सकिन्छ ।


**स्वस्थ आहार** : गर्मीमा हलुका र पौष्टिक खाना खानुपर्छ । फलफूल, सागसब्जी, सिङ्गो अन्न, कम बोसो भएको प्रोटिनयुक्त आहार सेवन गर्नुपर्छ । चिनी, प्रशोधित खाना र भुटेको खानाबाट बच्नुहोस् ।

**गर्मीको आनन्द लिनुहोस्** : गर्मी मौसम रमाइलो गर्ने समय हो । तर मधुमेहका बिरामीले केही सावधान रहनुपर्छ । सरल उपाय अँगालेर मधुमेह नियन्त्रण गर्नुपर्छ ।

### विवाहपछि आर्थिक अभाव किन हुन्छ

विवाह जीवनको एक महत्त्वपूर्ण मोड हो, जसमा दुई व्यक्तिले आफ्नो जीवन सँगै बिताउन चाहन्छन्। तर विवाहपछि धेरै जोडीलाई पैसाको अभाव हुन्छ। विवाहलगत्तै आर्थिक अवस्था बिग्रियो भने धेरै तनावको सामना गर्नुपर्ने हुन्छ। यसका पछाडि केही महत्त्वपूर्ण कारणहरू हुन्छन् ।

**विवाह खर्चको दबाब** : आजभोलि विवाह समारोहमा धेरै खर्च हुने गर्छ।



विवाहको तयारी, लुगा, गहना, खानपान, फोटोग्राफी र अन्य खर्चहरूले दम्पतीहरूको बजेटलाई ठूलो असर पार्छ। प्रायः विवाहित जोडीले यी खर्चहरू पूरा गर्न बचत वा ऋण लिन्छन् । विवाहपछि खर्च धान्न गाह्रो हुन्छ, जसका कारण पैसाको अभाव हुन्छ ।

**नयाँ घर र सेटअप** : बिहेपछि नयाँ घर बनाउने खर्च पनि बढ्छ । नयाँ घरका लागि फर्निचर, ग्याजेट तथा अन्य महत्त्वपूर्ण सामान खरीद गर्नुपर्नेछ । यसबाहेक नयाँ घरको सजावट र मरम्मत सम्भारमा पनि धेरै पैसा चाहिन्छ। यो नयाँ सेटअपले वित्तीय दबाब पनि बढाउँछ ।

**हनिमून खर्च** : विवाहपछि हनिमून जाने प्रचलन छ, जसका कारण होटल, उडानलगायतका खर्चले पनि दम्पतीको आर्थिक अवस्थामा असर पार्छ। हनिमूनको मजा लिन गरिएको अतिरिक्त खर्चले प्रायः बजेट बिगार्छ ।

**वित्तीय योजनाको अभाव** : विवाह अघि दम्पतीले हल्दी समारोह, विवाह समारोह, रिसेप्शन र पाहुनाहरूको लागि धेरै योजनाहरू बनाउँछन्, तर तिनीहरू प्रायः आर्थिक योजनाबाट चुक्छन्, जसले उनीहरूलाई विवाहपछि नराम्रो असर गर्छ ।

**जिम्मेवारीको बोझ** : विवाहपछि परिवारको जिम्मेवारी बढ्छ, विशेषगरी घरको नेतृत्व गर्ने व्यक्तिलाई परिस्थिति सम्हाल्न गाह्रो हुन्छ। त्यसपछि आर्थिक दबाबले व्यक्तिको मानसिक अवस्था बिग्रन सक्छ ।

**विवाहपछि बजेट कसरी व्यवस्थापन गर्ने ?**

**वित्तीय योजना** : विवाहपूर्व र पछिको खर्चको लागि ठोस आर्थिक योजना बनाउनुहोस् । बजेट सेट गर्नुहोस् र अनावश्यक खर्चबाट जोगिनुहोस् ।

**बचत र लगानी** : विवाहपछि नियमित बचत र लगानी गर्ने योजना बनाउनुहोस्। यसले भविष्यको खर्चको सामना गर्न सजिलो बनाउँछ ।

**ऋण लिनबाट बच्नुहोस्** : विवाह खर्च नियन्त्रण गर्नुहोस्, ऋणबाट बच्नुहोस् । यदि ऋण लिनुपर्ने बाध्यता छ भने त्यसको भुक्तानीको लागि अग्रिम योजना बनाउनुहोस् ।

**दुवैको आयको व्यवस्थापन** : दुवैको आम्दानीको उचित व्यवस्थापन गर्नुहोस् र आर्थिक जिम्मेवारी बाँड्नुहोस् । यसले पैसाको अभाव कम हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## समुद्र बचाउन अन्तर्राष्ट्रिय समुदायलाई राष्ट्रसङ्घका प्रमुखको आग्रह



समुद्री किनारामा फैलिएको प्रदूषण । तस्वीरः एजेन्सी

संयुक्त राष्ट्रसङ्घ, २७ जेठ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शनिवार सङ्कटग्रस्त समुद्रलाई बचाउने कदम चाल्न अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गरेका छन् ।

"समुद्रले पृथ्वीका सबै जीवनलाई जोगाउँछ र बढाउँछ, तर हाम्रो समुद्र सङ्कटमा छ र यसको दोषी हामी हौं," महासचिवले हरेक वर्ष जून ८ मा मनाइने विश्व महासागर दिवसका लागि दिएको सन्देशमा बताए ।

गुटेरेसले "बढ्दो समुद्रलाई उत्प्रेरित गर्ने जलवायु परिवर्तनले साना टापु, विकासोन्मुख राज्यहरू र तटीय जनसङ्ख्याको अस्तित्वलाई खतरा पुऱ्याउनुका साथै हामी सबैलाई असर गर्ने चरम मौसम घटनाहरू पनि निम्त्याइरहेको छ," गुटेरेसले बताए ।

उनले समुद्री अम्लीकरणले समुद्री जैविक विविधता र स्थानीय पर्यटनलाई जोखिममा पार्ने र अस्थिर तटीय विकास, अत्यधिक माछा मार्ने, गहिरो समुद्री खानी, अनियन्त्रित प्रदूषण र प्लास्टिक फोहोरले विश्वभरका समुद्री पारिस्थितिक प्रणालीको विनाश गर्ने जानकारी गराए ।

गुटेरेसले गत वर्ष जूनमा लागू गरिएको समुद्री कानूनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि अन्तर्गतको "राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको समुद्री जैविक विविधताको संरक्षण र दिगो प्रयोग" महासन्धिलाई समुद्री शासनसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण नयाँ सन्धिको रूपमा वर्णन गरेका छन् ।

यस वर्ष हुने "भविष्यको शिखर सम्मेलन" र अर्को वर्ष फ्रान्समा हुने "संयुक्त राष्ट्र महासागर सम्मेलन"का महत्त्वपूर्ण अवसरहरूको उल्लेख गर्दै गुटेरेसले सरकार, व्यवसाय, लगानीकर्ता, वैज्ञानिक र समुदायहरूलाई "हाम्रो बहुमूल्य समुद्री र तटीय पारिस्थितिक प्रणालीको पुनर्स्थापना र संरक्षण गर्न सक्ने कार्य गर्न प्रतिबद्ध हुन" आह्वान गरे । रासस

## युरोपियन सङ्घको चुनावको अन्तिम दिन मतदान शुरू

ब्रसेल्स, बेल्जियम, २७ जेठ/एएफपी

युरोपियन सङ्घको चुनावको अन्तिम दिन आइतवार फ्रान्स, जर्मनीलगायत २१ वटा युरोपेली देशमा मतदान शुरू भएको छ ।

युक्रेनको युद्ध, अमेरिका-चीन प्रतिद्वन्द्विताले चिह्नित विश्वव्यापी व्यापार र औद्योगिक तनाव, जलवायु आपत्काल आदि समस्याको सामना गरिरहेको यो महाद्वीपका लागि यो एक महत्त्वपूर्ण समय हो ।

मतदानको नतीजाले ब्लकको अर्को संसद् र अप्रत्यक्षरूपमा शक्तिशाली युरोपेली आयोगको संरचना निर्धारण गर्नेछ, जसले आगामी पाँच वर्षमा युरोपेली सङ्घका नीतिहरूलाई आकार दिन मदत गर्नेछ ।

"युरोपेली संसद्ले आफ्नो सही भूमिका खेल्नका लागि यो निर्वाचन महत्त्वपूर्ण छ, यसले सबै युरोपेली नागरिकहरूको दैनिक जीवनमा भूमिका खेल्नुपर्छ," मतदाता कोस्टास कारागियानिसले एथेन्सको मतदान केन्द्रबाट भने ।

आगामी युरोपेली संसद्को ७७० सिटमध्ये अधिकांशमा मध्यमार्गी मुख्यधाराका दलहरूले कब्जा गर्ने प्रक्षेपण गरिएको छ तर जनमत सर्वेक्षणले बलियो अति दक्षिणपन्थीले यस धारलाई रूढीवादतर्फ धकेल्दा उनीहरू कमजोर हुने अनुमान गरेको छ । रासस

## नुसिरात शिविरमा इजरायली हमलाप्रति इजिप्टको कडा निन्दा

कायरो, इजिप्ट, २७ जेठ/ एएनआई

इजिप्टको विदेश मन्त्रालयले मध्य गाजाको नुसिरात शिविरमा १५० जना भन्दा बढी प्यालेस्टिनी मारिएका इजरायली हमलाको शनिवार जारी गरेको विज्ञप्तिमार्फत कडा निन्दा गरेको छ ।

"यो आक्रमणको परिणामस्वरूप १५० भन्दा बढी प्यालेस्टिनी नागरिकको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन् । इजरायलले अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनका सबै प्रावधान, मानवता र मानव अधिकारका सबै मूल्यहरूको खुल्लमखुला उल्लङ्घन गरेको छ"- विज्ञप्तिमा भनिएको छ ।

इजिप्टले यस आक्रमणका लागि स्पष्टरूपमा इजरायललाई कानूनी र नैतिकरूपमा जिम्मेवार ठहर गर्दै इजरायलले आफ्नो दायित्वको पालना गर्न र प्यालेस्टिनी नागरिक र उनीहरू विस्थापित भएका क्षेत्र लक्षित हमला रोक्न माग गरेको छ"- विदेश मन्त्रालयले भन्यो ।

विज्ञप्तिमा गाजापट्टीमा सबै पूर्वाधारको अनावश्यक विनाशको पनि निन्दा गरिएको छ ।

इजिप्टले गाजाविरुद्ध इजरायली युद्ध तत्काल रोक्न प्रभावशाली अन्तर्राष्ट्रिय दल र सुरक्षा परिषद्लाई आह्वान गरेको छ ।

इजिप्टले ३६ हजार भन्दा बढी मानिसको ज्यान लिएको यो मानवीय सङ्कट अन्त्य गर्ने जिम्मेवार निकाय आवश्यक भएको कुरामा जोड दिंदै गाजा पट्टीभरि पूर्ण युद्धविराम हासिल गर्ने अनिवार्यता र क्षेत्रमा सबै क्रसिङमार्फत मानवीय सहायता र राहत आपूर्तिलाई अप्रतिबन्धित प्रवेश दिनुपर्ने कुरामा जोड दिएको छ । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**मट्का पोल्दै कुमाले:** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका कुमाले मट्का पोल्दै । धातुका भाँडाभन्दा माटोका भाँडाको माग धेरै हुन थालेपछि कुमालेलाई काम गर्न भ्याइनभ्याइ छ । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

## नेविसङ्घद्वारा विपद् व्यवस्थापनसम्बन्धी सुझाव

प्रस, वीरगंज, २७ जेठ/

नेपाल विद्यार्थी सङ्घ, बाराका अध्यक्ष समीर चौधरीले आइतवार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् ।

मनसुनजन्य प्राकृतिक विपद्पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धमा नेपाल विद्यार्थी सङ्घ, केन्द्रीय कार्यालयले जारी गरेको १२ सूत्रीय सुझावसहितको ज्ञापनपत्र बुझाइएको हो । विपद् व्यवस्थापनसम्बन्धी सुझावसहितको ज्ञापनपत्र बुझाउँदै अध्यक्ष चौधरीले नेविसङ्घले पूर्वतयारीका लागि प्रत्येक जिल्लामा ३० सदस्यीय विपद्पूर्व तयारी स्वयंसेवक समिति गठन गरेको र सो समितिले बाढी, पहिरोलगायतका



तस्वीरः सौजन्य

विपद्सम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने, तत्काल उद्धार र राहतमा समन्वय गर्ने र सङ्घसँग आबद्ध स्वास्थ्यकर्मीहरूको छुट्टै टीम तयार गरी परिचालनको तयारीमा रहेको जानकारी गराएका थिए ।

उनले विपद् सम्बन्धमा नेविसङ्घ सबै निकायसँग समन्वय, सहकार्य गरेर काम गर्ने प्रतिबद्धता पनि जाहेर गरेका थिए ।

### धानको ...

वर्ष ब्याडमा बीउ राख्ने बेलामा बीउ नपाएर सास्ती पाइने गरेको किसानको भोगाइ छ । "कहिलेकाहीं त वडा कार्यालयले भाउ मिलाएरै दिन्थ्यो, यसपालि भने बीउ पाइएन," बछारकै छिमेकी रामसागर राउत भन्छन् ।

जिल्लामा कुल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये ४५ हजार हेक्टर धानखेतीका लागि उपयुक्त मानिन्छ । यद्यपि कुल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र कुलो नहर लाग्ने हुँदा अधिकांश खेती आकाशे पानीकै भरमा छ । स्थायी कुलो, नहर १० प्रतिशतमा मात्र पुगेको हुँदा किसानले कहिल्यै सजिलै समयमा खेती लगाउन पाएका छैनन् ।

यो अवस्थाले बर्सेनिजसो अपेक्षित धान रोपाइँ हुन नसकेको कृषि ज्ञान केन्द्रका बालीविज्ञको स्वीकारोक्ति छ । "समयमा पानी र बीउ नपाउँदा किसान हैरान भएका छन्," कार्यालयका बाली विकास अधिकृत राजकिशोर यादव भन्छन्, "मुख्यरूपमा अहिले किसानलाई बोरिङ, इनार र स्यालो टच्युबवेलजस्ता वैकल्पिक सिंचाइमा प्रोत्साहित गरिंदैछ, यसले आकाश ताक्नुपर्ने अवस्थामा राहत दिनेछ ।"

बीउका लागि स्थानीय तहका कृषि शाखाको पहलकदमी बढ्दा किसानले राहत पाउने यादव बताउँछन् । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमध्ये धेरैजसो कृषि शाखा सञ्चालनबारे बेखबरझैं रहेका किसानको गुनासो छ ।

जिल्लाका एकाध स्थानीय तहबाहेक किसानलाई समयसमयमा सल्लाह दिने, बाली हेरिदिने, बीउको प्रबन्ध गरिदिनेजस्ता काम हेर्नेगरी कृषि शाखा सञ्चालन हुन नसकेको अखिल नेपाल किसान महासङ्घका संयोजक परशुराम ठाकुर बताउँछन् ।

"स्थानीय तहको प्राथमिकतामा बीउ, सिंचाइ र समयमा मलखादको प्रबन्ध परेको देखिंदैन," ठाकुर भन्छन्, "यो अवस्थाले किसान निराश छन् ।" उनका अनुसार कृषि सामग्रीको बजार व्यवस्थापन नगरिंदा र गुनासो सुनाउने ठाउँ नपाईंदा किसानको निराशा बढेको हो ।

यसैबीच, जिल्लाको मटिहानी नगर कार्यपालिकाको कार्यालयले भने कृषि शाखा सक्रियतापूर्वक काममा रहेको जनाएको छ । "हामीले खेतीपातीको बेला बीउ, मलखाद र अन्य प्रबन्धमा ध्यान दिंदै आएका छौं," प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा भन्छन्, "यसैगरी, फलफूल रोप्न, मखानखेतीको बजार व्यवस्थापन र गाई बाख्रापालनमा सहयोग कार्यक्रम नियमित छन् ।"

स्थानीय तहले कृषि शाखा सञ्चालनमा ल्याउन नसक्दा आवश्यक सेवा र परामर्श किसानले पाउन नसकेका भङ्गाहा-५ सीतापुरका बासिन्दा कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त रामबहादुर भुजेल बताउँछन् । "जिल्लास्थित कृषि ज्ञान केन्द्र प्रदेश सरकार मातहत छन्," सहसचिवको सेवाबाट निवृत्त भएका भुजेलले भने, "पहिलेका केन्द्र र उपकेन्द्र स्थानीय तह मातहत छन्, जिल्लास्थित कृषि ज्ञान केन्द्र र स्थानीय तहका निकायबीच समन्वयको राम्रो तारतम्य मिल्न सकेन ।"

सैद्धान्तिकरूपमा भएको व्यवस्थाभित्र स्थानीय तहले कृषि शाखा सञ्चालन गर्न नसक्दा पहिलेका कृषि केन्द्र र उपकेन्द्रका कृषि प्राविधिक अहिले कुनै काममा नदेखिएको आम कुरा नै बनेको छ । यहाँका स्थानीय तह कृषि शाखाको सफल सञ्चालन गर्न नसकेको स्वीकार गर्छन् ।

"यो बिल्कुल विषय दक्षतामा आधारित क्षेत्र रहेछ," भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साह भन्छन्, "किसानले बढीभन्दा बढी सेवा लिन सक्ने गरी कृषि शाखाको सञ्चालन र सेवाप्रवाहको उचित समन्वय गर्न सकिएको छैन ।"

स्थानीय तहमा रहेका कृषि केन्द्र र उज्ञपकेन्द्रमा कार्यरत कृषि प्राविधिक र कर्मचारीले आफूहरू स्थानीय तहको नेतृत्वबाट उपेक्षित भएको गुनासो गरेका छन् । आफूहरूसँग कृषिसम्बन्धी कुनै परामर्श लिने वा योजना बनाउने काममा सहभागिता नखोजिएको कृषि प्राविधिक र कर्मचारीको गुनासो छ ।

सिङ्गो कृषि क्षेत्र राज्यबाट उपेक्षित भएको यहाँका किसानको गुनासोमा बुद्धिजीवी पनि सहमत देखिएका छन् । "कृषि क्षेत्र पूरै बेवारिस जस्तै देखियो," विगतमा कृषि क्षेत्रमा लामो सरकारी सेवा दिएर अवकाश लिएका भङ्गाहा-६ संग्रामपुरका जासर यादव भन्छन्, "अहिलेको अवस्थाले कृषि क्षेत्र तहसनहस हुने देखिन्छ ।"

जिल्लामा कुल खेतीयोग्य जग्गा करीब ७० हजार हेक्टरमध्ये करीब ४५ हजार हेक्टरको हाराहारीमा धानखेती हुँदै आएको छ । अहिले धानको भरपर्दो बीउ नपाउँदा किसानले पर्याप्त धान रोपाइँ गर्न नसक्ने देखिएको छ ।

चैतेबाली र वैशाखे तरकारीखेतीबाट अपेक्षित उत्पादन लिन नसक्दा अब गुजाराको एउटै सहारा देखिने धानबाली लगाउन सक्ने अवस्था नआए भोकमरी हुने चिन्ताले किसान पिरोलिएका छन् । यो अवस्था अन्त्य गर्न अहिले तत्काल प्रदेश, स्थानीय तह र कृषि सम्बद्ध कार्यालयको समन्वय आवश्यक देखिएको विज्ञले सुझाएका छन् ।

### आजको राशिफल

| | |
|---|---|
| मेष — भयचिन्ता | वृष — विजय |
| मिथुन — धनलाभ | कर्कट — भाग्योदय |
| सिंह — बेचैनी | कन्या — मनोरञ्जन |
| तुला — कर्मप्राप्ति | वृश्चिक — राज्यभय |
| धनु — वादविवाद | मकर — व्यापारवृद्धि |
| कुम्भ — कडाश्रम | मीन — सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### माइग्रेशन हराएको सूचना

मिति २०८०/२/५ गते जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं १५ बस्ने विनीत अधिकारीको घरबाट बसपार्क जाने क्रममा साथमा रहेको राष्ट्रिय परीक्षा बोर्डको रजिस्ट्रेशन नं. ७९२३४००१०१४२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले मोबाइल नं ९८४५०३३३०६९ अथवा नजीकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ ।

**नामः विनीत अधिकारी**
**ठेगानाः वीरगंज-१५, भिस्वा**

# कार्यविधि बनाएर विकास निर्माणमा उपभोक्ता समिति हटाउने

जनकपुरधाम, २७ जेठ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेश सरकार अन्तर्गत उपभोक्ता समितिबाट हुने कामलाई कार्यविधि बनाएर हटाउने बताएका छन् ।



मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह । तस्वीरः फाइल

आइतवार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यकक्षमा भएको छलफल तथा भेटघाटमा उनले उपभोक्ता समितिबाट हुँदै आएका विकास निर्माणमा व्यापक भ्रष्टाचार हुने गुनासो आएकाले यो प्रणालीलाई कार्यविधि बनाएर बिस्तारै हटाउने बताएका छन्। उनले मधेस प्रदेश सरकारले आगामी दिनमा साना विकास निर्माणका योजना सञ्चालन नगर्ने जानकारी दिए । उपभोक्ता समितिबाट हुने कामलाई बोलपत्र आह्वान प्रक्रियाबाट सञ्चालन गरी सुशासन कायम गर्नमा जोड दिने उनले बताए ।

नवगठित प्रदेश सरकारले विगतका योजना पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । सर्वोच्च अदालतले सांसद विकास कोष खारेजका सम्बन्धमा गरेको निर्णयको सम्मान गर्दै सांसदहरूले आफ्नो संसदीय क्षेत्रमा सञ्चालन गर्ने योजना तथा कार्यक्रमको खर्च सम्बन्धित मन्त्रालय तथा निकायबाट खर्च गराउने प्रावधान रहेकाले त्यसमा भेदभाव नभएको स्पष्ट पारे । मधेस प्रदेश सरकारले संसदीय क्षेत्र विकासका लागि प्रत्यक्ष निर्वाचित सांसदले रु पाँच करोड तथा समानुपातिक सांसदले रु एक करोड ५० लाख परिचालन गर्न पाउने निर्णय गरिसकेको छ । प्रदेश सरकारका निकाय तथा कार्यालयमा हुने भ्रष्टाचार र ढिलासुस्ती रोक्न छुट्टै अनुगमन निकाय गठन गरी सुशासनमा जोड दिने उनले उल्लेख गरे ।

उनले चालू आर्थिक वर्ष समाप्तिको समय भएकोले वर्तमान सरकार बजेट, नीति तथा कार्यक्रम बनाउन व्यस्त रहेको बताउँदै मधेस प्रदेशका १३६ वटै पालिकामा किसानका लागि विशेष कृषि प्याकेज ल्याउने जानकारी दिए । धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको जानकी मन्दिरको योजनाबद्ध विकास गरिने उनको भनाइ थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका वारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## विद्यालयलाई पङ्खा सहयोग




प्रस, वीरगंज, २७ जेठ/

जीराभवानी गाउँपालिका–५ शङ्करसरैयास्थित नेरामाविलाई उपकार सेवा नेपालले पङ्खा सहयोग गरेको छ। संस्थाका अध्यक्ष विद्याकुमारी सरावगीले प्रअ रामनारायणप्रसाद थारूलाई पाँच थान पङ्खा हस्तान्तरण गरेकी छन् ।

विद्यालयमा अध्ययनरत विद्यार्थीलाई गर्मीयाममा पङ्खा नभएर अध्ययनमा समस्या भएपछि उपकार सेवा नेपालले पङ्खा सहयोग गरेको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए । कार्यक्रममा पदमादेवी सरावगी, सज्जन अग्रवाल, अङ्कुश शर्मालगायतको सहभागिता थियो ।

## प्रप्रअलाई आयोगको आदेश

प्रस, रौतहट, २७ जेठ/

गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० (२) बमोजिम लिखित जवाफ पेश गर्न राष्ट्रिय सूचना आयोगले आदेश दिएको छ ।

रौतहट जिल्लाको गौर नगरपालिका–२ निवासी शैलेन्द्र झाले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ र ७ बमोजिम आव २०७९/८० मा गरुडा नगरपालिकाको कार्यालय प्रयोजनको लागि खरीद सामग्री र गैरसरकारी संस्थालाई दिएको कार्यक्रम र अनुदान सम्बन्धमा सूचना माग गरेका थिए ।

सूचना अधिकारीसँग फागुन ३० गते सूचना माग गर्दा सूचना नदिई सूचनाको हकसम्बन्धी ऐनलाई बेवास्ता गरेकोले सूचना अधिकारीलाई कारबाई गरी सूचना दिन चैत १९ गते प्रमुख प्रशासकीय अधिकृत मो मुस्ताक आलमसँग सूचना माग गर्दासमेत सूचना दिएको छैन ।

राष्ट्रिय सूचना आयोगमा झाले पुनरावेदन गर्दा आयोगबाट सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा २ बमोजिम लिखित जवाफ पेश गर्न आयोगले आदेश दिएको हो ।

आयोगले वैशाख ६ गतेका दिन लिखित जवाफ पेश गर्न आदेश दिए पनि गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत आलम अटेर गरी बसेका छन् । सूचना नदिएको खण्डमा रु २५ हजार सम्म जरिवाना हुने सूचनाको हकसम्बन्धी ऐनमा उल्लेख छ ।

# खेलकूदको संसार

## कबड्डी खेलाडी सागरको सम्मान

प्रस, वीरगंज, २७ जेठ/

बङ्गलादेशमा हालै सम्पन्न अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा नेपाललाई उपविजेता बनाउन योगदान दिएको भन्दै वीरगंज महानगरपालिका–१५ का अध्यक्ष रमेश यादवले खेलाडी सागर यादवलाई सम्मान गरेका छन् ।




तस्वीरः सौजन्य

वडाध्यक्ष यादवले खेलाडीको मनोबल उच्च बनाउने उद्देश्यले आफ्नै वडाका १८ वर्षीय सागर यादवलाई सम्मानस्वरूप नगद रु पाँच हजार र खादा ओढाएर सम्मान गरेको बताए । उनले आगामी दिनमा देशलाई अन्तराष्ट्रियस्तरमा परिचित गराउने माध्यम खेल रहेकोले खेलाडीलाई प्रोत्साहन गरेको बताए । भारतमा प्रशिक्षण खेलको लागि सागर भारत जाने भएकाले सोको सम्पूर्ण खर्च आफूले बेहोर्ने उनले बताए ।

हालै सम्पन्न बङ्गबन्धु कबड्डी प्रतियोगितामा १२ वटा देश सहभागी भएकामा नेपाल उपविजेता भएको थियो ।

## टी–२० विश्वकपः वेस्ट इन्डिजद्वारा युगान्डा पराजित

काठमाडौं, २७ जेठ/रासस

आइसिसी टी–२० विश्वकप–२०२४ मा वेस्ट इन्डिजले युगान्डालाई १३४ रनले पराजित गर्दै जीत हासिल गरेको छ।




गुयनाको प्रोविडेन्स रङ्गशालामा सम्पन्न खेलमा वेस्ट इन्डिजले दिएको १७४ रनको लक्ष्य पछ्याएको युगान्डा १२ ओभरमा सबै विकेट गुमाउँदै ३९ रनमा समेटियो। युगान्डाका लागि जुमा मियाँगीले अविजित १३ रन बनाउनुबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार वेस्ट इन्डिजका अकिल हुसैन एक्लैले पाँच विकेट लिए भने अल्जारी जोसेफले दुई विकेट लिए भने रोमारियो सेफर्ड, आन्द्रे रसेल र गुडाकेश मोतीले समान एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १७३ रन बनाएको थियो ।

वेस्ट इन्डिजका लागि जोनसन चार्ल्सले ४४ रन बनाए भने आन्द्रे रसेलले अविजित ३० रन जोडे । कप्तान रोभमन पावेलले २३, सफर्यान रूदरफोर्ड र निकोलस पुरनले समान २२/२२ रन बनाए । ब्रेन्डन किङले १३ रन जोडे ।

युगान्डाका लागि कप्तान ब्रायन मसाबाले दुई विकेट लिए । त्यस्तै, अल्पेश रामजानी, कोस्मास क्युउटा र दिनेश नकर्नीले समान एक/एक विकेट लिए । यससँगै प्रतियोगितामा लगातार दोस्रो जीत निकालेको वेस्ट इन्डिजले चार अङ्क जोडेको छ । तीन खेलमा स्पर्धा गरेको युगान्डा दुई अङ्कमा सीमित छ ।

## विश्वकप क्रिकेटः अस्ट्रेलिया विजयी

काठमाडौं, २७ जेठ/रासस

अस्ट्रेलियाले आइसिसी टी–२० विश्वकप क्रिकेट अन्तर्गत समूह ‘बी’को खेलमा इङ्ल्यान्डलाई ३६ रनले पराजित गरेको छ ।




बार्बाडोसमा गएराति सम्पन्न खेलमा पहिला ब्याटिङ गरेको अस्ट्रेलियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै २०१ रनको योगफल बनाएको थियो ।

अस्ट्रेलियाका लागि डेविड वार्नरले सर्वाधिक ३९ रनको योगदान दिए। उनले १६ बलमा दुई चौका र चार छक्कासहित ३९ रन जोडेका थिए । त्यस्तै, ट्राभिस हेडले ३४ रन बनाए । उनले १८ बलमा दुई चौका र तीन छक्काको सहयोगमा ३४ रन बनाएका हुन् । कप्तान मिचेल मार्सले २५ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३५ रन बनाए । ग्लेन म्याक्सवेले २८ तथा मार्कस स्टोइनिसले ३० रन बनाए ।

इङ्ल्यान्डका क्रिस जोर्डनले दुई विकेट लिए। २०२ रनको विजयी लक्ष्य पछ्याएको इङ्ल्यान्ड २० ओभरमा छ विकेट गुमाउँदै १६५ रनमा समेटियो। इङ्ल्यान्डका लागि कप्तान जोस बटलरले २८ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ४२ रनको योगदान दिए ।

त्यस्तै, फिल साल्टले ३७ रन जोडे । उनले २३ बलमा चार चौका र दुई छक्का प्रहार गरे। मोइन अलीले २५, ह्यारी ब्रुकले २०, लियाम लिभिङस्टोनले १५, विल ज्याक्सले १० तथा जोनी बेयरस्टो सात रन बनाए। अस्ट्रेलियाका प्याट कमिन्स र एडम जाम्पाले समान दुई/दुई विकेट लिए। यससँगै अस्ट्रेलियाले दुई खेलमा चार अङ्क जोडेको छ।

## यू–१९ सुदूरपश्चिम छनोटमा कैलाली विजयी

बैतडी, २७ जेठ/रासस

वाइवाई यू–१९ एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम छनोट अन्तर्गत समूह ‘बी’को दोस्रो खेलमा कैलाली विजयी भएको छ ।

आइतवार सम्पन्न खेलमा कैलालीले अछामलाई आठ विकेटले हरायो। अछामले दिएको १०१ रनको लक्ष्य कैलालीले दुई विकेटको क्षतिमा पूरा गऱ्यो। कैलालीका लागि रितिक थापाले अविजित ३५ र सुदीप साउदले २६ रनको योगदान गरे। अछामका युवराज खत्री र निराजन गौतमले एक/एक विकेट हात पारे ।

त्यसअघि परशुराम नगरपालिका–१२ स्थित जोगबुढा रङ्गमैदानमा पहिला ब्याटिङ गरेको अछाम २८ दशमलव दुई ओभरमा एक सय रनमा अलआउट भयो। उसका लागि रविन भण्डारीले ४३ रन जोडे भने अन्य ब्याटरले सम्झनलायक प्रदर्शन गर्न सकेनन्। कैलालीका दीपक रोकाया एक्लैले छ विकेट हात पारे। खेलका ‘प्लेयर अफ दी म्याच’समेत चुनिएका दीपकले आठ दशमलव दुई ओभरमा एक मेडन राख्दै २२ रन खर्चिए।

प्रतियोगिता अन्तर्गत भोलि कञ्चनपुर र बझाङबीचको खेल हुनेछ। समूह ‘बी’को शीर्ष स्थानमा रहने टोली फाइनलमा बैतडीसँग भिड्नेछ । समूह ‘ए’बाट बैतडी शतप्रतिशत नतीजा तथा लिग चरणका सबै तीन खेल जितेर फाइनलमा पुगिसकेको छ । यही जेठ २० गतेदेखि शुरू प्रतियोगितामा क्यान आबद्ध प्रदेशका आठ जिल्लाको सहभागिता रहेको सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीले जानकारी दिए ।